मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

50% DISCOUNT OFFER
AFTER SEE
देशको कमजोर आर्थिक अवस्थालाई मध्यनजर गर्दै
Bridge Course
Course Fee= 25,000/- → 12,500/-
Science Bridge Course
Nursing
HA, Radiology
Civil, Lab, Pharmacy
JTA, Veterinary
Book/Uniform FREE
For Basic Computer Course Fee 6,000/- → 3,000/-
NAME INSTITUTE CONSULTANCY
2nd Floor, RB Complex School Road, Hetauda-4
057-524117, 9855024117, 9801424117

वर्ष ३ | अंक १४८ | २०८१ साल चैत्र २९ गते शुक्रबार | Friday 11, April 2025 | सूर्योदय: बिहान ५:४५ बजे | सूर्यास्त: साँझ ६:२७ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## प्रदेश सभा बैठक अनिश्चित

# छानबिनका लागि तीन दलले नाम नै दिएनन्

*नेपाली कांग्रेस, नेकपा एमाले र जनमत पार्टीले समिति गठनका लागि नाम उपलब्ध नगराएका कारण समिति घोषणा हुन नसकेको हो । शुक्रबारसम्म उनीहरुले नाम उपलब्ध गराए समिति गठन गरिने नभए जति दलले नाम उपलबध गराएका छन्, त्यही नाम राखेर पछि थप्ने गरी संसदीय समितिको नाममा सूचना टाँस गरिने प्रदेश सभा सचिवालयको तयारी छ ।*



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभा बैठक अनिश्चित बनेको छ । प्रदेश सभाको बैठकमा 'मधेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस्' भन्ने प्रस्तावमाथि सैद्धान्तिक छलफल सकिएको थियो भने 'गाउँसभा, नगरसभा, जिल्लासभा कार्य सञ्चालन कार्यविधि ऐन २०७७ संशोधन गर्न बनेको विधेयक दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भन्ने प्रस्ताव पारित भएसँगै बैठक अनिश्चितकालका लागि स्थगित भएको सभामुख रामचन्द्र मण्डलले घोषणा गरे ।

विगतको बैठकमा विपक्षी दलले संसदीय छानबिन समिति माग गर्दै प्रदेश सभा अवरोध गर्दै आएका थिए ।

मंगलबार प्रदेश सभामा प्रधानमन्त्रीले सम्बोधन गरेका थिए भने बुधबार योजनामा अनियमतिता भएको, मुख्यमन्त्रीले मर्यादा विपरीत कार्य गरेको जस्ता विषयमा मुख्यमन्त्री सतिश कुमार सिंह, भौतिक पूर्वाधार मन्त्री सरोजकुमार यादव र अर्थमन्त्री सुनीलकुमार यादवले धारणा राखेका थिए । संसदीय समिति गठनका लागि तीनवटा मुख्य दलले प्रदेश सभा सदस्यको नाम उपलब्ध नगराएका कारणले समिति घोषणा हुनसकेको छैन । नेपाली कांग्रेस, नेकपा एमाले र जनमत पार्टीले समिति गठनका लागि नाम उपलब्ध नगराएका कारण समिति घोषणा हुन नसकेको हो । शुक्रबारसम्म उनीहरुले नाम उपलब्ध गराए समिति गठन गरिने नभए जति दलले नाम उपलबध गराएका छन्, त्यही नाम राखेर पछि थप्ने गरी संसदीय समितिको नाममा सूचना टाँस गरिने प्रदेश सभा सचिवालयको तयारी छ ।

बैठक शुरु हुनासाथ विपक्षी दलका प्रदेश सभा सदस्यहरु भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवविरुद्ध निकै आक्रामकरुपमा प्रस्तुत भएका थिए । मन्त्री यादवले नामै लिएर निकै आक्रोशित भएर प्रस्तुत भएपछि बिहीबारको प्रदेश सभाको बैठकमा विपक्षी दलसमेत निकै आक्रामकरुपमा प्रस्तुत भएका थिए । बैठकको शुरुमा नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरत प्रसाद साहले बुधबारको बैठकमा भौतिक पूर्वाधार मन्त्रीले प्रदेश सभाको मानमर्दन हुने गरी गलत र तथ्यहीन आरोप लगाएर जनतालाई दिगभ्रमित बनाउने कार्य गरेको आरोप लगाए । उनले भौतिक पूर्वाधार कार्यालयबाट पत्र ल्याएर आफैँले बाँडेको हो कि होइन, त्यस विषयमा प्रष्ट नगरी गलत तथ्य प्रस्तुत गरिएको बताए । साहले केही पूर्वाधार कार्यालयका प्रमुखले नै पत्र लगेको भन्नेसम्म भनेको अडियो रहेको बताउँदै आफैं गलत कार्य गरेर त्यसबाट जोगिन बेकारका आरोप लगाइएको बताए । उनले भने, 'आफैँ सर्वदलीय बैठकमा असुरक्षाका कारण आएको भन्ने, आफैँ फेरि आएको छैन भन्ने, यसले भ्रमित तुल्याउनेबाहेक केही नहुने र सत्यतथ्य छानबिन गर्न संसदीय समिति माग गरेका छौँ । संसदीय छानबिन समितिले जे निर्णय गर्छ, त्यो सबैलाई स्वीकार हुन्छ ।'

बुधबार मन्त्रीले जसपा नेपालका सरोजकुमार कुशवाहको नाम लिएर केही कुरा राखेपछि उनीसमेत आक्रोशित हुँदै मन्त्री यादवले आफूलाई पार्टी विभाजन गराउन अग्रसर हुन पटकपटक दबाब दिएको आरोप लगाए । मन्त्री यादवले आफूलाई पार्टी विभाजन गराउन र दलका नेता बन्न आफ्नो नजिकका व्यक्तिबाट दबाब दिलाएको आरोप लगाए । कुशवाहले मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवको राजीनामा मागे ।

मन्त्री यादवले तथ्यहीन र आधारहीन शब्द प्रयोग गरेको उनले आरोप लगाए । उनले भने, 'मन्त्री यादवको अभिव्यक्तिले सरकारको सम्मान घटाएको मात्र नभइ उनले झुटो बोलेर आम जनतालाई भ्रमित गरेका छन् । यसबाट सदन पनि दिग्भ्रमित भएको छ ।' बुधबारको प्रदेश सभा बैठकमा मन्त्री यादवले कुन जिल्लाका कति सांसदले वडामा अझै चिठी दर्ता नगराएको तथ्याङ्क सार्वजनिक गरे । उनका अनुसार पर्सामा १३, बारामा ३७, रौतहटमा ३१, सर्लाहीमा १४, महोत्तरीमा ११ र सिरहामा ३६ चिठी माननीयले लगेको महिना बितिसक्दा पनि वडामा दर्ता भएको छैन ।

## शैक्षिक सुधार गर्न खोज्दा

# नियोजित रुपमा प्रहारः कर्ण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित रामसागर रामस्वरुप बहुमुखी क्याम्पसका प्रमुख प्राध्यापक डा. बसन्त कर्णले आफू क्याम्पस प्रमुख बनेर आएदेखि नै नियोजितरुपमा असफल बनाउने कार्य भइरहेको दाबी गरेका छन् । उनले क्याम्पसको पठनपाठन सुधार गराउने काममा केन्द्रित भएपछि केही कर्मचारी र विद्यार्थी प्रयोग गरेर शैक्षिक माफिया लागिपरेको बताए ।

कर्णले जनकपुरको शैक्षिक अवस्थामा कुसरी सुधार ल्याउने, कुनै समयमा गरिमा प्राप्त क्याम्पसको खस्केको गरिमा कसरी उठाउने भन्ने कार्य गर्दा नियोजितरुपमा प्रहार भएको आरोप लगाए । पत्रकार सम्मेलनमा कर्णले पहिलोपटक योग्यताका आधारमा क्याम्पस प्रमुख छनौट भएको र आफु कुनै राजनीतिक नेतृत्वको हारगुहार र आशीर्वादबाट नआएका कारण असफल बनाउने कार्यहरु भइरहेको बताए ।

कर्णले जारी गरेको विज्ञिप्तमा त्रिभुवन विश्वविद्यालयको इतिहासमा खुला प्रतिस्पर्धाबाट प्रथमपटक क्याम्पस प्रमुख नियुक्ति भएको सन्दर्भमा अलग विचारधारा भएका प्रतिस्पर्धी कुनै पनि हालतमा अल्पसंख्यक वर्गबाट प्रतिनिधित्व गर्ने क्याम्पस प्रमुखलाई जुनसुकै हत्कण्डा अपनाएर असफल साबित गर्न तत्पर भइरहेको उल्लेख गरे । उनले माघ २ गते क्याम्पस प्रमुखको पदभार ग्रहण गरेकै दिनदेखि कुनै मिडियाले कहिल्यै कक्षा नपढाउने प्राध्यापक क्याम्पस प्रमुखमा नियुक्त भएको दुष्प्रचार गरेर क्याम्पस प्रमुखलगायत सम्पूर्ण क्याम्पसकै चरित्र हत्या गर्ने प्रयत्न गरेको आरोप लगाए । 'क्याम्पस प्रमुख नियुक्त भएको ३ हप्ता नबित्दै क्याम्पसका विद्यार्थीको परीक्षा केन्द्र शैक्षिक माफियाको योजनाअनुरुप टुक्राएर अन्य निजी शैक्षिक संस्थामा कायम गरी क्याम्पस प्रमुखलाई असफल बनाउने साजिससमेत गरेकामा क्याम्पस प्रमुखको अथक प्रयासबाट पुनः सबै परीक्षार्थीका लागि पहिलाजस्तै एउटै होम सेन्टर राराब क्याम्पस गराइएको अफसफलताबाट शैक्षिक माफिया आक्रोशित र विचलित

बाँकी पृष्ठ २ मा

## एकरातको वर्षाले बारा–पर्सामा सर्वसाधारणलाई सास्ती



*वीरगंज, घण्टाघरमा बिहीबार बिहान वर्षा भएर रोकिएपछि गन्तव्यतर्फ जाँदै गरेका सर्वसाधारण । तस्बिरः हिमाल लम्साल*

**मधेशदृष्टि**
**वीरगंज ।**
बुधबार राति परेको पानीका कारण वीरगंज महानगरपालिका वडा नम्बर २३, प्रसौनी बिर्ताको मुख्य सडक जलमग्न बनेको छ । रातिको वर्षाका कारण प्रसौनी बिर्ताको मुख्य सडकमा रहेको हनुमान मन्दिर पूर्वदेखि रामराजा पुलसम्मको सडक जलमग्न बनेपछि स्थानीयले आवतजावतमा कठिनाइ भोगेका छन् । चैतको एकदिने वर्षाले सडक जलमग्न बनेकाले असार साउनको वर्षायाममा झन सास्ती खेप्नुपर्ने स्थानीयले दुःखेसो गरे । समयमै पानीको उचित निकास र सडक पिच गर्नुपर्ने स्थानीयको माग छ । स्थानीय तहको मुख्य जिम्मेवारीमा पर्ने सडक मर्मत तथा जल निकासको व्यवस्था नगर्दा हरेक वर्ष यस्तै समस्या दोहोरिने गरेको स्थानीयको गुनासो छ । प्रसौनीसँगै वीरगंजका विभिन्न स्थान र पर्सा जिल्लाका ग्रामीण भेगमा पनि गएराति परेको वर्षाले बाटो हिलाम्य र जलमग्न हुँदा स्थानीयले सास्ती खेप्नुपरेको छ । वर्षा हुनेबित्तिकै निकास हुने व्यवस्थित नाला निर्माण र सडक पिच गर्नुका साथै भएका नालाको सरसफाइमा स्थानीय तहले ध्यान दिनुपर्ने माग उठेको छ ।

उता, बाराको कलैयामा पनि भर्खरै प्रतिनिधि सभाको संसदीय समितिले अनुगमन गरेको सडकको दुर्दशाले नागरिकलाई कठिनाइ भएको छ । कलैया उपमहानगर पालिकाभित्र पर्ने मानवत मटियारवा जाने ३ किलोमिटर सडक वर्षाले हिलाम्य हुँदा आवतजावत गर्न कठिनाइ भएको नेपाली कांग्रेसका युवा नेता लुकेश सिंहले बताए । उनका अनुसार संसदीय समितिको टोलीले अनुगमन गर्दा पनि निर्माण कम्पनीले बेवास्ता गर्दा सवारी चालक र पैदल यात्रुले सास्ती खेप्नुपरेको हो । दुई तर्फी माटो काटेर छोड्दा वर्षा भएपछि सोही बाटो भएर विद्यालय जाने बालबालिकादेखि आवतजावत गर्ने यात्रुले समस्या खेप्नुपरेको छ ।

## राजतन्त्रलाई जनताको

# समर्थन रहन्नः नेपाल



**आरके श्रीवास्तव**
**गरूडा ।**
नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधव कुमार नेपालले राजतन्त्र नआउने र जनताको समर्थन पनि नरहने बताएका छन् । समाजवादी पार्टी रौतहट अधिवेशनमा उनले यस्तो बताएका हुन् ।

'हाम्रो पार्टी देश र जनताको पक्षमा चट्टान झैँ खडा भएको छ, कुनै चलखेल चल्दैन,' उनले भने, 'देशमा सामाजिक सुरक्षा भत्ता लागू गराउने, किसानको हकहितमा आवाज उठाउनेलगायतका काम गर्ने कम्युनिस्ट पार्टी नै रहेको स्मरण गराउँदै हामी सधैँ जनताका पक्षमा काम गरिरहेका छौँ ।' गरूडास्थित श्रीराम सुगर मिल प्रांगणमा आयोजित नवौँ जिल्ला अधिवेशनमा उनले शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रको समस्या समाधान गर्ने एकमात्र पार्टी कम्युनिस्ट पार्टी रहेको दाबी गरे ।

'देशमा एकीकृत समाजवादी पार्टीको लहर नै चलेको छ । विभिन्न पार्टीबाट नेकपा एसमा आउने मानिसको संख्या पछिल्लो समय बढ्दै गएको छ,' उनले भने, 'नेकपा एमाले, नेकपा माओवादी र विभिन्न पार्टी परित्याग गरी जिल्लास्तरका नेताहरु पार्टीमा प्रवेश गरेका छन् । समाजवादी रोज्नु भएकामा धन्यवाद छ ।' आफनो गृहनगरसमेत रहेको रौतहटलाई नेता नेपालले कम्युनिष्ट पार्टीको गढको रुपमा रहेको र विभिन्न इमानदार तथा कर्तव्यनिष्ट र जनताप्रति समर्पित नेता कार्यकर्ताहरुको जिल्ला रौतहट भएको बताए । नेता नेपालले रौतहटका विभिन्न पुराना कम्युनिष्ट कार्यकर्ताको स्मरण गरे । कटहरियाका हरदयाल महतो, तुल्सीलाल अमात्यलगायतका नेताको बारेमा चर्चा गरे ।

राजावादी आन्दोलनलाई घुमाउरो पारामा उनले भने, 'चैत १५ थते गणतन्त्रवादी र राजावादीको राजधानीमा दुई कार्यक्रम भएको उल्लेख गर्दै तीनकुनेमा भएको कार्यक्रम अराजक थियो, लुटपाट गर्ने, मान्छे मार्ने तथा तोडफोड गर्ने काम समेत भएको छ । जुन गलत हो ।' नेता नेपालले राजतन्त्रमा जनताले निकै दुःख पाउने बताउँदै विगतमा पनि राजतन्त्रलाई जनताले फालेको बताउँदै अब राजतन्त्र फेरि नआउने विश्वास दिलाएका छन् । राजनीति कुरा बढी नगरेका नेता नेपालले बज्जिका भाषामा भाषण गरेका थिए ।

# ‘कांग्रेसको महाधिवेशन २०८२ मङ्सिरभित्र हुँदैन’



**सिरहा ।**
नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले तयारी नपुगेकाले २०८२ मङ्सिरभित्र कांग्रेसको १५औँ महाधिवेशन नहुने बताएका छन् । नेपाल प्रेस युनियन सिरहा शाखाले लहानमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले पार्टीको आगामी महाधिवेशन समयमै नहुने स्पष्ट पारे ।

‘महाधिवेशनका लागि अहिलेसम्म सचिवालय पनि गठन भएको छैन ।

सदस्यता नवीकरण र नयाँ सदस्यता वितरणमा ढिलाइ भएको छ,’ प्रवक्ता डा महतले भने, ‘त्यसकारण महाधिवेशनको निर्धारित समय सर्छ ।’ विधानअनुसार म्याद थप गर्ने व्यवस्था भएकाले त्यहीअनुसार महाधिवेशनको समय कम्तीमा एक वर्ष थपिने उनको भनाइ थियो ।

अहिले हुलाकी राजमार्गअन्तर्गत मधेश प्रदेशका जिल्लामा कांग्रेसका नेताकार्यकर्तासँग भेटघाट तथा अन्तरक्रिया अभियान आफूले शुरु गरेको डा महतले जानकारी दिए । फरक प्रसङ्गमा प्रवक्ता डा महतले नेपालमा अब संवैधानिक राजतन्त्रको सम्भावना नरहेको स्पष्ट पारे । उनले वर्तमान कांग्रेस–एमाले गठबन्धन सरकारले जनताको पक्षमा काम गरिरहेको दाबी गरे ।

# जनकपुरमा हनुमान जन्मोत्सव मनाइयो

**महेन्द्रनगर ।**
जनकपुरधाममा हनुमान जन्मोत्सव भव्यताका साथ मनाइएको छ । बिहीबार जनकपुरधामस्थित जानकी, रामलगायत मन्दिरबाट निस्केको शोभायात्रा नगरको विभिन्न भागमा परिक्रमा गर्दै जनक चोक पुगेर समापन भएको छ । जनक चोक पुगेका भक्तजनले सामूहिक रूपमा हनुमान चालिसा पाठ गरेपछि जन्मोत्सव समापन भएको हो ।

यस अवसरमा जनकपुरधाम सहित विभिन्न स्थानका हनुमान मन्दिरमा पूजाअर्चनाका लागि श्रद्धालु भक्तजनको घुइँचो लागेको थियो ।

जनकपुरधामको विभिन्न मन्दिरबाट सुरु भएको शोभायात्रा विहार कुण्ड पुगेर कुण्डको परिक्रमा गर्नाका साथै जुगलजोडी मन्दिरमा विभिन्न धार्मिक कार्यक्रम गरिएको थियो । भगवान् रामको जन्म चैत शुक्ल नवमी तिथिमा भएको स्मरणमा यस दिन रामनवमी पर्व विशेष उत्साहका रूपमा पनि मनाउने गरिन्छ । जनकपुरधाममा हनुमान जयन्तीका अवसरमा भारत एवं नेपालको विभिन्न सहर तथा ग्रामीण भेगबाट हजारौँ श्रद्धालु भक्तजनसहित साधुसन्तको सहभागिता थियो ।

मर्यादा पुरुषोत्तम रामको भक्त हनुमान भएकाले उनको जन्मजयन्तीका अवसरमा यहाँ महोत्सव आयोजना गरिएको जनाइएको छ । सीताको जन्मभूमि जनकपुरधामको विभिन्न मन्दिरमा आयोजित महोत्सवमा नेपाल र भारतका साधुसन्तको उल्लेख्य सहभागिता थियो ।

# सांगीतिक कार्यक्रम स्थगित

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली नयाँ वर्षको अवसरमा वीरगंजमा हुने भनिएको ‘दीपक बज्राचार्य एन्ड द रिदम ब्यान्ड’ कार्यक्रम स्थगित भएको छ । ब्लेन्डिङ इभेन्ट्स नेपाल वीरगंजले गर्न लागेको विशेष कार्यक्रम विभिन्न कारणले हाललाई स्थगित गरिएको हो । आयोजकका अनुसार सामाजिक, धार्मिक र वातावरणीय परिस्थितिका कारण कार्यक्रम स्थगन गर्ने निर्णय लिइएको छ । सोही दिन रात्री बजार र हनुमान जयन्तीजस्ता ठूलो भीड जम्मा हुने कार्यक्रम आयोजना हुनेभएकाले सामाजिक र धार्मिक महत्त्वलाई सम्मान गर्दै कार्यक्रम स्थगित गरिएको आयोजकको दाबी छ । मौसम पूर्वानुमानअनुसार ठूलो पानी पर्ने सम्भावना रहेको र खुला स्थानमा हुने कार्यक्रममा सुरक्षासँग सम्बन्धित जोखिमलाई मध्यनजर गर्दै कार्यक्रम स्थगन गर्ने कदम चालिएको हो । भविष्यमा स्थानीय प्रतिभालाई प्रोत्साहन गर्ने, प्रविधि र व्यवस्थापनमा सुधार ल्याउने लक्ष्यसहित अझ सशक्त र सृजनात्मक कार्यक्रम आयोजना गर्ने योजना रहेको पनि जानकारी दिइएको छ । कार्यक्रमका लागि बिक्री गरिएका सबै टिकटको रकम फिर्ता गरिसकिएको र बाँकी रहेका रकम फिर्ता गर्नुपर्ने भएमा त्यसको जिम्मेवारी संस्थाले लिने प्रतिबद्धता व्यक्त गरिएको छ । साथै, प्रायोजकको रकम पनि फिर्ता गरिने आयोजकले जनाएको छ ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहट
**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट साविक गा.वि.स. डुमरिया म. वडा नं. ३ हाल चन्द्रपुर नगरपालिका वडा नं. १० बस्ने छन्नु खाँ थारूको नाउमा सर्वे नाप नक्सा भएको तपसिलको जग्गाको जग्गावाला मिति २०५९।०४।०७ र निजको एकमात्र पत्नी धौली देवी मिति २०५७।०४।१० सालमा आ-आफ्नो कालगतिले मृत्यु भईसकेको र निजहरुको पश्चात हकखाने तीन मात्र छोरा जेठो राम गुलाम चौधरी माईलो बनारसी चौधरी र कान्छो रामरुप चौधरी समेतले नाप नाक्सा भई दर्ता हुन बाँकी जग्गा दर्ता/नामसारी गरि पाउँ भनि माग निवेदन परेकोले साथै चन्द्रपुर नगरपालिकाको वडा नं. १० को चलानी नं. २०९० मिति २०८०।१२।२८ को सिफारिस संलग्न रहेको, रामगुलाम चौधरी समेतको नाममा जग्गा दर्ता/नामसारी गरिदिएमा कुनै किसिमले कसैलाई फरक पर्छ, पर्दैन अरुको हकमा असर गर्छ, गर्दैन वा नेपाल सरकारको ऐलानी, पर्ति सार्वजनिक जग्गामा पर्छ, पर्दैन यो हक दावी सम्बन्धमा सुचना प्रकाशित गरिएको छ । उक्त जग्गा दर्ता/नामसारी गरी दिदाँ कोही कसैको हक दावी पुग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आफ्नो हक पुग्ने प्रमाण सहित कार्यालयमा उपस्थित भई निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ, म्याद भित्र निवेदन नपरेमा कानुन बमोजिम भैजाने छ भनि सम्बन्धित सबैको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | रौतहट | डुमरिया म. | ३ | १९४ | १-७-० | छन्नु खाँ थारु परलोक भएकोले हकदार निजको छोरा जितन चौधरी |

- प्रमुख मालपोत अधिकृत


# प्रसाईं भारतबाट पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ ।**
चैत १५ गते भएको हिंसात्मक प्रदर्शनका मुख्य नाइके दुर्गा प्रसाईं भारतमा पक्राउ परेका छन् । उनले आफू नेपालमै लुकेर बसेको बताए पनि भारतबाट पक्राउ परेका हुन् । प्रहरी स्रोतका अनुसार उनलाई पक्राउ गरेर नेपाल ल्याइँदैछ ।

तीनकुने घटनामा प्रहरीलाई नै गाडीले पेलेर अघि बढेका प्रसाईं केहीबेरपछि सम्पर्कविहीन भएका थिए । त्यसयता प्रहरीले उनको खोजी गरिरहेको थियो । यसबीचमा प्रसाईंले सामाजिक सञ्जालबाट भिडियो पोस्ट गर्दै आफू फरार नरहेको दाबी गर्दैछ आएका थिए । सामाजिक सञ्जालमा उनको तर्फबाट सन्देशहरु आइरहँदा समेत प्रहरीले ट्र्याक गर्न नसकेको भनेर आलोचना भएको थियो ।



तीनकुनेमा भएको प्रदर्शन भाँडिएपछि प्रदर्शनकारीले लिएको उग्र शैलीका कारण दुई जनाको मृत्यु भएको थियो । निजी तथा सार्वजनिक सम्पत्तिमा तोडफोड र आगजनी भएको थियो ।

# ‘विकासका क्षेत्रमा लगानीअनुसार उपभोग भएको छैन’

**गण्डकी ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विकासका क्षेत्रमा गरिएको लगानीअनुसार ती संरचनाको उपभोग हुन नसकेको बताएका छन् । गण्डकी प्रदेश विकास समस्या समाधान समितिको एघारौँ बैठकको बिहीबार पोखरामा अध्यक्षता गर्दै उनले बढ्दो बसाइँसराइसहित विविध कारणले बनेका भौतिक पूर्वाधारको यथोचित उपयोग हुन नसकेको धारणा राखे । राज्यले ठूलो धनराशि खर्च गरेर विकासका विभिन्न पूर्वाधार निर्माण गरेको भए पनि त्यसको उपभोग गर्ने जनसंख्या कम रहेको बताउँदै ती संरचना उपयोगविहीन बन्दै गएका उल्लेख गरे । ‘राज्यले लगानी गर्दिनँ भन्न मिल्दैन तर उपयोग गर्ने जनसंख्या कम भइरहेको छ । विविध कारणले भइरहेको बसाइँसराइ रोक्न सबैले पहल गर्नुपर्ने आवश्यकता छ,’ मुख्यमन्त्री पाण्डेले भने ।

स्थानीय तह र प्रदेशका साझेदारीका कार्यक्रममा लगानी गर्न प्रदेश सरकार तयार रहेको बताउँदै उनले स्थानीय पालिकाले लगानी गर्ने कार्यक्रममा प्रदेश सरकारले पनि लगानी गर्नुपर्नेमा जोड दिए । नवप्रवर्तनका कार्यक्रमसँगै आयआर्जन हुने किसिमका कार्यक्रम अघि बढाउनुपर्ने उनको भनाइ छ ।

यसैबीच, सङ्घ, प्रदेश र स्थानीय तहद्वारा निर्माण गरिएका झोलुङ्गेपुल, सडकपुल निर्माणपश्चात् प्रयोग विहीन भएका भन्दै बैठकले सङ्घ, प्रदेश र स्थानीय तहद्वारा निर्मित त्यस्ता संरचनाको तथ्याङ्क सङ्कलन गरी उपर्युक्त निकासका लागि आवश्यक नीतिगत र संस्थागत प्रबन्ध आगामी वैशाख २५ गतेभित्र गर्ने आजको बैठकले निर्णय गरेको छ ।

गण्डकी प्रदेश आर्थिक ऐन, २०८१ को दफा–७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) को विषय दोहोरो परेकाले जस्तैः पदमार्ग, प्याराग्लाइडिङ, केबलकार, बन्जिजम्प, जिप फ्लायर, ¥याफ्टिङ, मोटर बोट, तालतलैया आदिको पर्यटन शुल्क प्रदेश सरकारले सङ्कलन गर्न नसकेको भन्दै बैठकले मनोरञ्जन कर सङ्कलनका लागि उद्योग तथा पर्यटन मन्त्रालयले आवश्यक प्रबन्ध मिलाउने निर्णय गरेको छ । निर्माणसम्पन्न भएका पूर्वाधार विकास आयोजना (खानेपानी तथा सिँचाइ लगायतका आयोजना) को नियमित मर्मतसम्भार हुन नसकेको भन्दै मर्मतसम्भार कोष स्थापना गरी आयोजनाको नियमित मर्मतसम्भार गर्ने प्रबन्ध मिलाउने निर्णय गरिएको छ ।

प्रदेशको मत्स्य विकास स्रोत केन्द्र विकासका लागि आवश्यक जग्गा उपलब्ध नभएको, प्रदेशको मत्स्य विकास स्रोत केन्द्र विकासका लागि नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा भवन तथा जग्गासम्बन्धी कार्ययोजनासहितको प्रस्ताव पेस गर्ने निर्णय गरिएको छ । सहकारीको क्षेत्रका बहुआयमिक प्रकृतिका समस्याहरू देखिरहेको सन्दर्भमा सोको नियमन तथा सुपरिवेक्षण कार्य कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको कार्य प्रकृति र उपलब्ध जनशक्तिसँग तालमेल नहुँदा प्रभावकारी रूपमा सम्पादन हुन नसकेको भन्दै बैठकले सहकारी क्षेत्रको नियमन तथा व्यवस्थापनका लागि कार्य प्रकृति मिल्ने मन्त्रालयअन्तर्गत समावेश गर्दा प्रभावकारी हुने उल्लेख गरेको छ ।

प्राकृतिक प्रकोपबाट क्षति बेहोरेका किसानलाई समयमा व्यवसाय पुनस्र्थापनाका लागि राहत उपलब्ध गराउन नसकिएको भन्दै बैठकले आगामी वर्षको बजेट तथा कार्यक्रममा व्यवस्था गरी पुनस्र्थापना सहयोग उपलब्ध गराउने निर्णय गरेको मुख्यमन्त्री पाण्डले जानकारी दिए ।

विसं २०८० मङ्सिर ७ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार दर्ता भएको निजी वनमा लगाइएका वा हुर्किएका साल प्रजातिका रूख कटान, उपभोग, ओसारपसार र बिक्री–वितरण गर्न नेपाल सरकारबाट फुकुवा भएको र सो कार्यको सम्बन्धित प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने भन्ने विषय कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै उक्त सूचनाअनुसार प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने विषय वन तथा वातावरण मन्त्रालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय भएको उनले बताए ।

मुख्यमन्त्रीका अनुसार मुस्ताङ जिल्लामा रहेको उच्च उचाइ खेलमैदानको निर्माण लामो समयसम्म पनि सञ्चालन नभएको भन्दै खेलमैदानको निर्माणका लागि जग्गा र आवश्यक बजेट व्यवस्था गर्ने, प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल र लमजुङ अस्पतालको स्वीकृत दरबन्दीबमोजिम पद दर्ता हुन नसकेका साथै प्रदेश मातहत ल्याइएको बुर्तिबाङ र आँपपीपल अस्पतालमा आवश्यक जनशक्ति व्यवस्थापन नहुँदा सेवा प्रवाहमा कठिनाइ भएकाले प्रदेश निजामती किताबखानामा पद दर्ता गर्ने तथा बुर्तिवाङ र आँपपीपल अस्पतालमा आवश्यक जनशक्ति प्रदेश सरकारले व्यवस्थापन गर्ने निर्णय गरिएको छ ।

नदीजन्य पदार्थको सङ्कलन उत्खनन तथा बिक्री वितरण गर्न राजमार्गमा पर्ने खोलाहरु र राजमार्गबाट भित्र पर्ने खोलामा प्रदेश सरकारबाट एकै प्रकारको दररेट निर्धारण हुँदा राजमार्गको नजिकमा पर्ने स्थानमा मात्र ठेक्का लाग्ने र राजमार्गबाट टाढा रहेका स्थानमा खोला ठेक्का नजाने गरेकाले अपेक्षित राजस्व प्राप्त हुन नसकेको भन्दै बैठकले प्रदेश सरकारले आगामी आर्थिक वर्षको आर्थिक विधेयकमा राजमार्गबाट दूरीको हिसाबले दररेट तय गर्नुपर्ने उल्लेख गरिएको जनाइएको छ । बैठकमा गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा, विभिन्न पालिकाका प्रमुख, प्रदेश मन्त्रालयका सचिव तथा मन्त्रीहरूले आआफ्ना पालिका एवं विषयगत मन्त्रालयका काम कारबाहीमा देखिएका समस्याबारे जानकारी गराएका थिए ।

# पानीको परम्परागत स्रोत पुनरुत्थान गर्न निर्देशन

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले पानीको परम्परागत स्रोतको पुनरुत्थानका लागि सरोकार भएका निकायलाई निर्देशन दिएका छन् । पुरातात्विक महत्त्वको भैरव हिटी उत्खनन कार्यको अनुगमन गर्दै उनले पानीको परम्परागत स्रोतको पुनरुत्थान गर्नुपर्नेमा जोड दिए ।

हिटी कामपाको वडा नम्बर ७ गङ्गाहिटी मार्गमा पर्दछ । अनुगमनक्रममा प्रमुख शाहले हिटीको प्राचीन पहिचान, उपयोग र अतिक्रमण, पानीको प्रवाह र निकासका बारेमा जानकारी लिएका थिए ।

भैरव हिटीभन्दा माथिल्लो भूगोलमा रहेको गङ्गाहिटीमा आउने पानीलाई भैरव हिटीमा आउने पानीको स्रोतका रूपमा उपयोग गर्न सुझाव प्राप्त भएपछि प्रमुख शाहले पुरानो पानीको स्रोत पहिचान गरेर उपयोगको सम्भावना खोज्न निर्देशन दिएका हुन् । कामपा–७ का वडाध्यक्ष विमलकुमार होडाका अनुसार वडामा करिब १२ हिटी छन् । जसमध्ये आठ अस्तित्वमा छन् । वाहिटी, गङ्गाहिटी, गणेशधारा, भैरव हिटी र मित्र धारा वडामा भएका हिटी रहेका भन्दै सङ्कटमा रहेका हिटीहरूको पुनरुत्थान र अस्तित्वमा नभएका हिटीहरूको खोजी भइरहेको उनले जानकारी दिए । ‘स्थानीय प्रतिनिधि र स्थानीयवासीले दिएको सूचनाका आधारमा कामपाले पुरिएको अवस्थामा हिटी फेला पारेको थियो । हिटीमाथि दुईतले पक्की संरचना थियो । यो संरचनालाई टोल सुधार समितिले भोगचलन गर्दै आएको थियो । यसको माथिल्लो तलामा कार्यालय र जमिन तलामा व्यावसायिक सटर थिए,’ उनले भने । टोल सुधार समितिको समन्वयमा पक्की संरचना हटाएर हिटीको उत्खनन शुरु गरिएको हो ।

सम्पदा तथा पर्यटन विभागले यही चैत १० गतेदेखि दैनिक १० जना कामदार परिचालन गरेर उत्खनन गरिरहेको छ । उत्खननका क्रममा अहिलेसम्म हिटीको ‘माअप्पा’ (मुख्य पर्खाल) र ढुङ्गेधारा भेटिएको छ । करिब सात फिट गहिराइसम्मको उत्खननपछि यी संरचना भेटिएका हुन् । अभिलेख उद्धृत गर्दै सम्पदा तथा पर्यटन विभागकी प्रमुख कुमारी राईले भनिन्, ‘यो अठारौँ शताब्दीमा निर्माण गरिएको हो । विसं १९४० मा यसको जीर्णोद्धार गरिएको पाइन्छ । हिटीको लम्बाइ २५ फिट तीन इञ्च र चौडाइ १५ फिट रहेको विवरण छ । उत्खनन कार्य नियालिरहेका स्थानीयका अनुसार २०२८ सालतिर चक्रपथको काम गर्दा पानीको स्रोत बन्द भयो । अहिले यहाँ खानेपानीको पाइप जडान भएको छ ।’

# शैक्षिक सुधार गर्न खोज्दा नियोजित रुपमा...

भएको देखिन्छ,’ विज्ञप्तिमा उल्लेख छ ।

त्रिविअन्तर्गतका वार्षिक र सेमेष्टर प्रणालीका परीक्षा बढी भन्दा बढी मर्यादित गराउन र कार्यालय हाताभित्र भइरहेको प्रशासनिक ढिलासुस्ती र आर्थिक अनियमितता नियन्त्रण गर्न वर्तमान क्याम्पस प्रमुखको अगुवाईमा हरेक कक्षाकोठा तथा प्रशासनिक फाँटमा सिसिटिभी क्यामेरा जडान गरी सञ्चालनमा ल्याई सुक्ष्मरुपमा परीक्षा तथा अनियमितता नियन्त्रण गर्ने प्रयासले विचलित भएका आन्तरिक शैक्षिक माफिया क्याम्पस प्रशासन तथा प्रमुखमाथि चर्को विरोधाभाष देखाइएको कर्णले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

उनले परीक्षा प्रणाली मर्यादित बनाउँदा जनमानसमा पर्न गएको सकारात्मक परिवर्तनको सोचलाई भ्रमित पार्न क्याम्पस प्रमुखलाई अनेकौँ आन्तरिक समस्या सृजना गरी क्याम्पसको विकासमा अवरोध र रोकावट गर्ने परिस्थिति बनाइएको बताए । परीक्षा सुधार भइराखेको अवस्थामा विद्यार्थी कक्षामा पठनपाठनतर्फ केन्द्रित भइरहेको अवस्थामा यहाँका केही शिक्षक निजी शिक्षण संस्थालाई नै आफ्नो मूल कार्यथलो सम्झेर क्याम्पसको पठनपाठन बिथोल्ने प्रयास गर्दा विद्यार्थीद्वारा प्रतिकार र क्याम्पस प्रमुखलाई शिक्षकहरुप्रति आवश्यक कारबाही माग भएको प्रमुख प्रतिशोध लिने मुद्दा भएको बताए ।

‘स्ववियु निर्वाचन–२०८१ को सन्दर्भमा उमेर हदबन्दी र विद्यार्थी चुनावको संगठनबाट उम्मेदवार हुन टिकट नपाएको कारण केही विद्यार्थी नेताको उक्साहटमा सातवटै विद्यार्थीका संगठनले हालसम्म पनि तालाबन्दी गरिरहेको र औचित्यहीन प्रेस विज्ञप्ति निकाली जनमानसलाई दिग्भ्रमित गर्ने कुरा गरेको छ,’ कर्णले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । तालाबन्दीबाट सिसिटिभी क्यामेराको कन्ट्रोल रूम बन्द भएकाले कुनै प्रकारको अप्रिय घटना गर्न सजिलो हुने बुझेर घटनाको योजना बनाइएको उल्लेख गरे ।

कर्णले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएअनुसार प्राध्यापक वर्गका केही पेशागत राजनीतिक संगठनले पेशागत कर्मचारीको कुनै खास संगठनलाई दबाब सृजना गरी विद्यार्थी राजनीतिमा संलग्न केही शैक्षिक माफियाको प्रयोग गरी पटकपटक रंग छ्याप्ने प्रयास गरिए पनि अन्ततः चैत २१ गतेको दिन असफल प्रयास गरिएको जनाइएको छ । ‘परीक्षा प्रणालीमै व्यापक सुधार भएका कारणले आन्तरिक शैक्षिक माफियाको लाखौँ करोडौँको अनैतिक अर्थोपार्जनमा अवरोध आएकाले रंग छ्यापेर क्याम्पस प्रमुखलाई मानसिक तनाब सृजना गरी राजीनामासम्म दिन लगाउन बाध्य पार्ने योजना रहेको बुझिन्छ,’ उनले जारी गरेको विज्ञिप्तमा उल्लेख छ ।

‘चैत २१ गतेको घटनाको पृष्ठभूमि हेर्दा यस क्याम्पसमा क्याम्पस प्रमुखलाई बाटो छेकेर गालीगलौज, अशिष्ट व्यवहार र असफल हातपातको प्रयास गर्ने कुनै राजनीतिक पेशागत संगठनको आड लिएका विशुद्ध, भ्रष्ट र अनैतिक कर्मचारीको विरोधलाई रोक्ने क्रममा क्याम्पसको भलो हुने, कर्मचारीले गरेको प्रतिकारका कारण क्याम्पस भन्दा बाहिरका गैरविद्यार्थी परिचालन गरी रक्तपात पूर्ण कुटपिटको घटना गराउने तत्व नै वर्तमान घटनासँग जोडिएर प्रतिशोध लिन खोजेको देखिन्छ,’ जारी विज्ञिप्तमा उल्लेख छ । वर्तमान घटनामा दोषी देखिएका र स्वीकारसमेत गरिसकेका योजनाकार क्याम्पसका सहायक लेखापाल संजय कुमार दास रहेको र उनले अन्य व्यक्तिको उक्साहटमा क्याम्पसका केही विद्यार्थी, क्याम्पस बाहिरका केही व्यक्तिलाई पैसाको प्रलोभन दिई, भ्रष्टाचारबाट आर्जन गरेको अकुत सम्पत्ति असामाजिक तत्वलाई भरणपोषण वर्षौंवर्षदेखि गर्दै आएको मध्येको एउटा अध्याय मात्र साबित भएको र दासले भविष्यमा यस्ता आपराधिक घटना पुनः गराउन सक्ने सम्भावना रहेको विज्ञिप्तिमा उल्लेख छ ।

# जसपा नेपाल रौतहटमा यादव विजयी



**मधेशदृष्टि**
**गरुडा ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको जिल्ला अध्यक्षमा राजीव रञ्जन यादव निर्वाचित भएका छन् । उनले निकटतम प्रतिद्वन्द्वी श्याम बिहारी यादवलाई ६६ मतले पराजित गरे । राजीवले १ सय ९६ मत पाए भने श्याम बिहारीले १ सय ३० मत पाए । अध्यक्ष पदका लागि १ मत बदर भएको छ । उपाध्यक्षमा पारस भण्डारी र अमरुल हक विजयी भएका छन् । उनीहरुले क्रमशः १ सय ९८ र १ सय ८५ मत पाएका छन् । उपाध्यक्षका अन्य उम्मेदवार अमृतलाल चौधरी १ सय ९ र रामेश्वर राय १ सय ३२ मतमा रोकिए । त्यस्तै, सचिवमा शम्भु प्रसाद यादवले १ सय ९१ मत प्राप्त गरी विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी जयराम महतोले १ सय २६ पाए । सहसचिव उपेन्द्र रायले १ सय ८७ र दीपेन्द्र पटेलले १ सय ९८ मत प्राप्त गरी विजयी भएका छन् । सोही पदका उम्मेदवार प्रवेज आलमले १ सय २४ र वसन्त झाले १ सय १४ मत पाए । कोषाध्यक्षमा बृज मोहन साह १ सय ७१ प्राप्त गरी निर्वाचित भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी सुरेन्द्र बैठाले १ सय ४२ मत पाए । बिहीबार भएको जसपा नेपाल रौतहटको जिल्ला अधिवेशनबाट नयाँ जिल्ला कार्यसमितिको विभिन्न पदका लागि भएको निर्वाचनमा ३ सय ४३ मतमध्ये ३ सय २९ मत अर्थात् ९६ प्रतिशत मतदान भएको निर्वाचन अधिकृत शैलेन्द्र यादवले जानकारी दिए ।

# किसानको खेतमा सिँचाई पुऱ्याउन छुट्टै ट्रान्सफर्मर

**मधेशदृष्टि**
**राजविराज ।**
खेतीपातीमा सिँचाईको प्रमुख समस्या भोगिरहेका किसानलाई सहजताका लागि सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाले खेतमा बिजुली सुविधा पुऱ्याउने व्यवस्था मिलाएको छ । विगतमा आफ्ना पालिका क्षेत्रभित्रका किसानले खेतीपातीका लागि प्रयोग गर्ने कृषि मिटरको शुल्क तिर्दै आएको नगरपालिकाले नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा सिँचाईका लागि छुट्टै ट्रान्सफर्मर र मास्टर मिटरसमेत जडान गरेर विनामिटर किसानको खेतमा बिजुली पुऱ्याउने व्यवस्था मिलाएको हो । योसँगै किसानले व्यक्तिगतरुपमा लिँदै आएको कृषि मिटर जडान गर्ने झन्झटिलो प्रक्रियाबाट उन्मुक्तिसमेत पाएका छन् । किसानलाई लक्षित गरी नगरपालिकाको २ करोड रुपैयाँ र विद्युत प्राधिकरणको २० प्रतिशत लगानीमा ५ वटा ट्रान्सफर्मर र सोसँगै मास्टर मिटर पनि जडान गरिएको नगर प्रमुख वीरेन्द्र माझीले जानकारी दिए । उनले ट्रान्सफर्मरसहित मास्टर विद्युतीय मिटर जडान भइसकेको हुँदा अब किसानले छुट्टै कृषि मिटर लिनु नपर्ने र प्रत्येक पोलमा क्लिप बोर्डसमेत जडान गरिएकाले त्यहीँबाट मोटर चलाउन सकिने व्यवस्था मिलाइएको जानकारी दिए । 'कृषि मिटर लिन कम्तीमा किसानलाई ५ हजार रुपैयाँसम्म खर्च गर्नु पर्थ्यो र त्यसमा पनि जग्गाधनी पुर्जालगायतको कागज नभएका किसानले मिटर नै पाउँदैनथ्यो,' नगर प्रमुख माझीले भने, 'अब त्यो झन्झटिलो प्रक्रियाबाट किसानले उन्मुक्ति पाएका छन् ।' उनले किसानले मिटर पनि नलिनु पर्ने र शुल्क पनि तिर्नु नपर्ने तथा मास्टर मिटरमा खपत भए अनुसारको नगरपालिकाले नै विद्युत महसुल भुक्तानी गर्ने जानकारी दिए । नगरक्षेत्रभित्र कृषि पेशामा लागेकालाई प्रोत्साहन तथा उनीहरुको लागत खर्चमा सहयोग गरी उत्पादनमा वृद्धि गर्ने उद्देश्यले ल्याइएको कार्यक्रमअन्तर्गत अहिलेसम्म ५ वटा ट्रान्सफर्मर जडान गरेर ८ वटा वडाका किसानलाई निःशुल्क विद्युत उपलब्ध गराउन थालिएको र बाँकी वडामा पनि क्रमिकरुपमा मास्टर मिटरसहितको ट्रान्सफर्मर जडान गरिने पालिकाको नीति रहेको उनले बताए । १४ वडा रहेको पालिकामा ल्याइएको कार्यक्रमले हजारौं किसान लाभान्वित हुने विश्वास गरिएको छ ।



# १७ बालकको उद्धार

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका विभिन्न स्थानबाट श्रममा लगाइएका १७ बालबालिकाको उद्धार गरिएको छ ।

सामुदायिक संस्था सानो पाइलाको नेतृत्वमा छोराछोरी नेपाल, श्रम तथा रोजगार कार्यालय पर्सा, वीरगंज महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय पर्सालगायतको संयुक्त टोलीले वीरगंजका विभिन्न स्थानबाट १७ बालबालिकाको उद्धार गरेको हो । वीरगंजको रजतजयन्ती चोकदेखि नगवा, बिर्ता लगायतका होटल, ग्यारेजदेखि फर्निचर उद्योगमा कार्यरत १५ वर्ष भन्दा मुनिका १७ बालकलाई उद्धार गरिएको छोराछोरी नेपालकी संस्थापक शैलेजा सिएमले जानकारी दिइन् । बालश्रममा लगाउन नपाइने कानून कार्यान्वयनका लागि गरिएको अनुगमन तथा उद्धार कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिने सानो पाइलाका दीपक बहादुर श्रेष्ठले बताए । उनकाअनुसार उद्धार गरिएका बालबालिकालाई तत्कालका लागि सानो पाइलाद्वारा सञ्चालित सानो घरमा राखिनेछ भने सोधपुछ गरेर परिवारको जिम्मा लगाउनुका साथै आवश्यक पर्नेलाई शिक्षादिक्षादेखि पालनपोषणको जिम्मेवारी समेत बहन गरिनेछ ।

# तीनमहिने सचेतनामूलक अभियान शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा 'लागु औषध दुव्र्यसनी रोकथाम तथा नियन्त्रणसम्बन्धी तीनमहिने सचेतनामूलक अभियान' शुरु भएको छ । जिल्ला प्रशासन कार्यालय पर्साको आयोजनामा वीरगंजको होटल पूजनमा सरोकारवालाको उपस्थितिमा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले अभियान शुभारम्भ गरे ।
पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालयको अध्यक्षतामा भएको अभियान उद्घाटन समारोहमा सहभागी वक्ताले लागुऔषध दुव्र्यसनी रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति व्यक्तिमा सचेतना फैलाउनुपर्ने आवश्यकता औँल्याएका छन् । बढ्दो बेरोजगार र छिट्टै पैसा कमाउने महत्वकांक्षाका कारण युवा वर्ग गलत गतिविधिमा संलग्न हुने गरेकोले स्थानीय तहदेखि नै युवालाई व्यस्त बनाउन रोजगारी सृजना गर्नुपर्नेमा वक्ताहरुको जोड थियो ।
जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायव उपरीक्षक किशोर लम्सालले लागुऔषध दुव्र्यवसनी, ओसार पसारको समग्र अवस्था र कानूनी व्यवस्था तथा समाजमा पर्ने नकरात्मक प्रभावको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । त्यस्तै, गैरसरकारी संस्था विद्यार्थी जागरण मञ्चले लागुपदार्थको नेपालमा प्रयोगको अवस्था, मधेश प्रदेशका प्रयोगकर्ताको अवस्थालगायतका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।
पर्सामा लागुऔषध दुव्र्यसनविरुद्धको तीनमहिने अभियान
जिल्ला प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०७९–८० मा लागुऔषधसम्बन्धी २ सय ६१ मुद्दा दर्ता भएको थियो । चालु आवको फागुन मसान्तसम्ममा त्यस्ता मुद्दाको संख्या १ सय २ पुगेको छ । पर्सा प्रहरी हिरासतमा रहेका ५५ जनामध्ये २७ जना लागुऔषध मुद्दाका अभियुक्त हुन् ।

# ६२ जनाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज कलेजले बुधबार गरेको रक्तदान कार्यक्रममा १५ महिलासहित ६२ जनाले रक्तदान गरेका छन् । रक्तदान गर्नेमा रितिका कुमारी महर्जन, प्रिती कुमारी, सुनिता साह, जान्भी गुप्ता, रिया यादव, विनय थारु, विकेश कुमार लगायतका छन् ।
वीरगंज कलेजका अध्यक्ष डा.दिपेन्द्र कुमार चौधरीको अध्यक्षतामा आयोजित रक्तदान कार्यक्रममा प्याब्सन पर्साका अध्यक्ष सरोज चौधरी, वरिष्ठ उपाध्यक्ष सुशीला साह, नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाका सभापति बृजकिशोर पटेल, क्याम्पसका सहायक प्रमुख रुद्रल ठाकुर, प्रशासन प्रमुख सुरेश प्रसाद चौधरी, डा.अशोकराज ठाकुर लगायतकाको उपस्थिति थियो । माघ महिनामा रगतको खपत कम हुने र गर्मी मौसममा रगतको खपत बढी हुने र माग पनि बढी हुन भएकाले यसलाई पूर्ति गर्न रक्तदानको आयोजना गरिएको कलेजका अध्यक्ष डा. चौधरीले बताए । रक्तदानमा विद्यार्थीलाई सहभागिता गराई उत्प्रेरणा जगाउने र रक्तदानलाई व्यापक बनाउनका लागि पनि कार्यक्रमको आयोजना गरिएको डा.चौधरीले बताए ।

# यादवको घरमा आगलागी

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी नगरपालिकाको वडा नम्बर ९ एकटाङा निवासी सुरेश यादवको घरमा आगलागी भएको छ । खाना पकाउन बालिएको चुलोबाट आगलागी भएको इलाका प्रहरी कार्यालय एकटाङाका प्रहरी नायब निरीक्षक नवराज घिमिरेले बताए । सखुवाप्रसौनी गाउपालिका र पर्सागढी नगरपालिकाका बारुण यन्त्र, स्थानीय र प्रहरीको सहयोगमा आगो नियन्त्रणमा लिइएको छ । आगलागीमा घर र आठ वटा बाख्रा पूर्णरुपले जलेर नष्ट भएका छन् । आगलागीमा धान, चामल, गहुँ, लत्ताकपडा, सुनचाँदीका गहनासहित अन्दाजी ९ लाख रुपैयाँ बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक प्रकाश थापाले बताए । खाना पकाउन चुलोमा बालिएको आगो सल्केर नजिकै राखिएको भुसामा सल्केर आगलागी भएको हो ।

# बिलबिजक नभएको ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाही प्रहरीले बिहीबार बिल बिजक शंकास्पद रहेको कबाड सामग्री बोकेको ट्रक नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको टोलीले सर्लाही–बागमती नगरपालिका वडा नम्बर–११ को पूर्व–पश्चिम लोकमार्ग अन्तर्गत खण्डमा जाँचको क्रममा ट्रक नियन्त्रणमा लिएको हो । सर्लाहीबाट बिनौलीतर्फ गइरहेको ना६ख ७८५४ नम्बरको ट्रक रोक्दा ट्रकमा लोड सामानको बिल तथा कागजात शंकास्पद पाइएपछि ट्रक नियन्त्रणमा लिइएको सर्लाही प्रहरी प्रवक्ता सरोज राईले बताए । उनका अनुसार ट्रकमा करिब १२ लाख ५६ हजार ५ सय रुपैयाँ बराबरको कबाड सामग्री लोड गरिएको अनुमान गरिएको छ । ट्रक तथा सामान आवश्यक अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय, पथलैयामा पठाइएको प्रहरी प्रवक्ता राईले जानकारी दिए ।

# लागुऔषध बरामद, दुई पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
फेटा गाउँपालिकामा लागुऔषध तस्करीको प्रयास प्रहरीद्वारा विफल पारिएको छ । विशेष सूचनाको आधारमा निगरानीमा राखिएको ट्र्याक्टरबाट इन्धन ट्याङ्की खोल्दा ब्राउन सुगरजस्तो देखिने १ सय ५८ ग्राम ९ सय १० मिलिग्राम लागुऔषध फेला परेको हो ।
जिल्ला प्रहरी कार्यालय बाराका अनुसार, ना३त ४७१४ नम्बरको ट्र्याक्टरलाई फेटा गाउँपालिका–३ चौतारास्थित सडक खण्डमा रोकेर चेकजाँच गर्दा लागुऔषध बरामद भएको हो ।
ट्र्याक्टरको इन्धन ट्याङ्कीमा प्लास्टिकमा बेरिएको अवस्थामा लागुऔषध लुकाइएको थियो । तस्करीमा संलग्न रहेको आरोपमा प्रहरीले ट्र्याक्टर चालक ३० वर्षीय टुटु कुमार र ३२ वर्षीय टुटु अन्सारीलाई पक्राउ गरेको छ । दुवै जना भारतको पूर्वी चम्पारणस्थित शिवनगर इनर्वा पञ्चायत वडा नम्बर २ का स्थायी बासिन्दा रहेको प्रहरीले जनाएको छ ।
उनीहरुलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाइएको छ । प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार, भारतबाट नेपाल भित्र्याइएको लागुऔषध कुनै नेटवर्कमार्फत बिक्री वितरण गर्ने योजना रहेको आशंका गरिएको छ ।

# दुर्घटनामा दुवै चालक घाइते

**मधेशदृष्टि**
**सर्लाही ।**
बरहथवा नगरपालिका–७ स्थित दुधहेरी चोकमा बिहीबार बिहान मिनी ट्रक र कन्टेनर एक आपसमा ठोक्किँदा दुवै चालक घाइते भएका छन् ।
बिहान करिब ९:२० बजे बरहथवाबाट हीरापुर जाँदै गरेको प्रदेश–३–०१–०२३ च ९४४७ नम्बरको मिनी ट्रक र हीरापुरबाट आइरहेको ना६ख ४८ नम्बरको कन्टेनरबीच ठक्कर भएको इलाका प्रहरी कार्यालय बरहथवाले जनाएको छ । दुर्घटनामा मिनी ट्रक चालक काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिका–२ निवासी २० वर्षीय सुरेश तामाङ र कन्टेनर चालक मकवानपुरको थाहा नगरपालिका–१० का २६ वर्षीय दीपेन्द्र गोपाली घाइते भएका हुन् ।
प्रहरीका अनुसार तामाङको टाउको र दाहिने खुट्टामा चोट लागेको छ भने गोपालीको कानमा सामान्य चोट लागेको छ । दुवै घाइतेको बरहथवास्थित सङ्कट मोचन अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनापछि दुवै सवारी साधनमा क्षति पुगेको र ती हाल घटनास्थलमै रहेको प्रहरीले जनाएको छ । दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक गौतम थापाले जानकारी दिए ।

# चट्याङपछि फार्ममा आगलागी

**मधेशदृष्टि**
**बारा ।**
बारागढी गाउँपालिका–४, सुखी टोलस्थित विश्वकर्मा पोल्ट्री फर्ममा गएराति परेको चट्याङका कारण भीषण आगलागी हुँदा लाखौँको क्षति भएको छ । पोल्ट्री फर्मका सञ्चालक हरेन्द्र विश्वकर्माका अनुसार चट्याङ लागेर विद्युत् तार सर्ट भई आगलागी हुँदा फर्ममा रहेको संरचना, सामग्री र कुखुरा जलेर नष्ट भएका छन् ।
प्रारम्भिक अनुमान अनुसार आगलागीबाट ५० लाख रुपैयाँभन्दा बढीको क्षति भएको बताइएको छ ।
त्यसैगरी, बाराकै करैयामाई गाउँपालिका–८ नरहीदेखि ईटहर जाने सडकखण्डमा पर्ने अभिनाष कुशवाहाको मकै खेतमा बिहीबार बिहान ३ बजे चट्याङ खसेको छ । घटनाका कारण खेत नजिकै रहेको कृषि मिटर, पानी तान्ने मोटर, टहरा र अन्य महत्त्वपूर्ण कृषि सामग्रीमा आगलागी भएर पूर्ण रुपमा नष्ट भएको जनाइएको छ । स्थानीय प्रशासनले लगातारको वर्षासँगै चट्याङ पर्ने क्रम बढेको हुँदा बारा र आसपासका क्षेत्रका किसान तथा स्थानीयलाई उच्च सतर्क रहन आग्रह गरेको छ ।

# श्याम अमृतवर्षा महोत्सव शुरु

**मधेशदृष्टि**
**राजविराज ।**
मारवाडी समुदायका आराध्य देव श्याम बाबाको पाँचौं अमृतवर्षा महोत्सव बिहीबारदेखि शुरु भएको छ ।
दुई दिवसीय महोत्सवको पहिलो दिन राजविराजस्थित हनुमान मन्दिरबाट भगवान श्याम बाबाको चित्रसहित निस्केको निशान शोभायात्रा नगरको विभिन्न भागको परिक्रमापश्चात महेन्द्र क्लबमा पुगेर धार्मिक सभामा परिणत भएको थियो ।
निशान यात्रामा सयौं महिला पुरुष सहभागी थिए । श्री बालाजी श्याम भक्त मण्डल राजविराजको आयोजनमा गरिएको श्री श्याम अमृत वर्षा महोत्सवको पहिलो दिन निशान यात्रा, धार्मिक सभा, तथा दोश्रो दिन शुक्रबार भव्य दरबार, अखण्ड ज्योत, आलोकिक श्रृंगार, आलोकिक झाँकी र छप्पन भोगलगायतका धार्मिक कार्यक्रम हुने



आयोजक समितिका सदस्य निर्मलमुन्धडाले जानकारी दिए । यस्तै, महोत्सवमा रसभरी भजन सन्ध्या, महाप्रसादका साथै भारतको चर्चित लख्वदातार म्युजिकल ग्रुप र इन्दिरा ग्रुपका कलाकारहरुद्वारा भजन, नृत्य तथा आलोकिक झाँकी प्रस्तुत गरिने कार्यक्रम रहेको आयोजक समितिका अर्का सदस्य सुजित अग्रवालले जानकारी दिए ।
महोत्सवमा चर्चित भारतीय कलाकार धीरज सिंह राजपुत, राहुल बर्मा, कृष्णा अग्रवालद्वारा भजन र अन्य धार्मिक प्रस्तुति हुने कार्यक्रम रहेको आयोजक समितिका सदस्य हनुमान सिंह कुचेडियाले जानकारी दिए । महोत्सवलाई भव्य र सम्य बनाउन महोत्सव स्थल महेन्द्र क्लब र अनुपदास धर्माशालालाई आर्कषक ढंगले सजाइएको छ ।

सम्पादकीय

# मिश्रको शालिक निर्माण निर्णयपछिको तरंग

*जनकपुरधामको ऐतिहासिक तथा धार्मिक महत्व बोकेको गंगासागर पोखरीको पूर्वतर्फको डिलमा स्वर्गीय रामनारायण मिश्रको शालिक निर्माण गर्ने प्रस्तावप्रति स्थानीय बासिन्दा र सरोकारवाला पक्षले आपत्ति जनाएका छन् । यो स्थान धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले अति संवेदनशील भएकाले कुनै पनि प्रकारको संरचना निर्माण गर्नु अनुपयुक्त भएको बताइएको हो । गंगासागर पोखरीको पूर्व डिल प्राचीनकालदेखि नै धार्मिक अनुष्ठान र सांस्कृतिक क्रियाकलापका लागि सुरक्षित क्षेत्रको रूपमा मानिँदै आएको स्थल हो । नेकपा एमालेका नेता शिवशंकर साह 'हिरा'ले गंगासागरको पूर्वडिलमा शालिक निर्माण गर्ने प्रस्ताव खण्डन गरे ।*

*स्वर्गीय रामनारायण मिश्रको योगदानको सम्मान हामी सबैले गर्नुपर्ने तर, यसका लागि स्थानको उपयुक्तता अत्यन्त महत्वपूर्ण हुने भएकाले गंगासागर धार्मिक, सांस्कृतिक र ऐतिहासिक रूपमा अत्यन्तै संवेदनशील स्थलमा संरचना निर्माण गर्दा गलत सन्देश जानसक्ने भन्दै सचेत गराउने काम नेतृत्वबाट भएको छ । विकल्पको रूपमा पोखरीभन्दा करिब १०० मिटर दक्षिणतर्फ गुठीको नाममा रहेको खाली जग्गामा शालिक निर्माण गर्न सकिने सुझाव पनि आएका छन् ।*

*शालिक निर्माणको उद्देश्य पनि पूरा हुने र गंगासागरको ऐतिहासिकता पनि जोगिने तर्क पनि गर्रिएको छ । यसले स्वर्गीय मिश्रप्रति सम्मान र न्याय पनि हुने बताइएको छ । स्थानीयवासीले पनि गंगासागरको पूर्वडिलमा कुनै संरचना निर्माण भए त्यसले धार्मिक भावनामा ठेस पुग्ने भन्दै विरोध जनाएका छन् । उनीहरूले यहाँ कुनै संरचना बनाइए यसले भविष्यमा थप विवाद र अवरोध सिर्जना गर्न सक्ने सुझाएका छन् ।*

*स्वर्गीय रामनारायण मिश्र मधेशकै इतिहासमा एक सशक्त नाम हुन् । २०१५ सालमा तत्कालीन महोत्तरी क्षेत्रबाट सांसद निर्वाचित भएका मिश्र नेपालका पहिलो जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको नेतृत्वमा उद्योग मन्त्री भएका थिए । २०१७ सालको राजनीतिक परिवर्तनपछि राजा महेन्द्रको निरंकुश कदमविरुद्ध मिश्रले लामो समयसम्म संघर्ष गरे । उनी लामो समयसम्म जेलमा थुनिए र त्यही क्रममा बिरामी परेका उनलाई अन्तिम अवस्थामा मात्र जेलबाट रिहा गरिएको थियो । २०२७ साल पुस ६ गते उनको निधन भएको थियो । मिश्रको योगदानलाई स्मरण गर्दै शालिक निर्माणको प्रस्ताव गरिए पनि स्थान चयनको विषयले विवाद उत्पन्न हुने देखिएको छ । शालिकको प्रस्तावको विरोध होइन, तर गंगासागरजस्तो ऐतिहासिक र धार्मिक स्थललाई जोगाउन सक्ने उपाय खोजेर सहमतिका पुग्नु उत्तम देखिन्छ ।*

# महिला जनप्रतिनिधिलाई बाधैबाधा



अमृता अनमोल

जनप्रतिनिधिले के–के समस्या भोग्नुपर्छ ? यसको जवाफ फरक फरक हुन सक्छ । जनप्रतिनिधि महिलाहरूको भने आफूहरू महिला भएकै कारण बाधैबाधाको सामना गर्नुपरेको गुनासो छ । सङ्घ, प्रदेश र स्थानीय तीन तहकै जनप्रतिनिधि महिलाहरू यसै भन्छन् । संविधानले जुनसुकै लैङ्गिक पहिचान भएपनि जनप्रतिनिधिलाई समान हैसियत दिएको छ । त्यसो भए, पुरुषसरह समान हैसियतमा राज्य सञ्चालन प्रक्रियामा भाग लिँदा जनप्रतिनिधि महिलाले लैङ्गिकताकै कारण किन समस्या भोग्छन् ? कार्यसम्पादनमा कस्ता कस्ता समस्या देखिन्छन् ? ती समस्याको समाधान कसरी गर्न सकिन्छ ? यही उपाय खोज्न जनप्रतिनिधि महिलाको लुम्बिनी प्रदेशस्तरीय भेला नै आयोजना भयो ।

रुपन्देहीको सिद्धार्थनगरमा चैत १६ मा आयोजित भेलामा लुम्बिनीबाट तीन तहमै प्रतिनिधित्व गर्ने जनप्रतिनिधि महिला सहभागी भए । उनीहरूले मन खोलेर बह पोखे । बह सुन्ने र समाधानका उपाय बताउने प्रमुख व्यक्ति पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीलाई बनाए । पूर्व राष्ट्रपतिले उद्घाटन सत्रमै हौसाउँदै भन्नुभयो, 'जनप्रतिनिधि महिला भनेका सामान्य महिला होइनन् जनताले चुनेका नेता हुन् । त्यसैले, महिला जनप्रतिनिधिमाथि हुने कुनैपनि प्रकारको विभेद स्वीकार्य हुँदैन । यस्तो विभेदको प्रतिकार गर्नुपर्छ ।' उहाँले अधिकार सुनिश्चित गर्न आवश्यक राजनीतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षमताको अभिवृद्धि गर्न पनि सुझाव दिनुभयो । यहाँ स्मरणीय कुरा के छ भने पूर्व राष्ट्रपति भण्डारीले १८ वर्षअघि अर्थात् २०६३ जेठ १६ गते पुनस्थापित संसदमा महिला अधिकारका नाममा सङ्कल्प प्रस्ताव पेस गर्नुभएको थियो । राज्यका सबै तह र संरचनामा ३३ प्रतिशत महिलाको अनिवार्य सुनिश्चितता गर्नुपर्ने त्यस सङ्कल्प प्रस्तावले निकै ठूलो प्रभाव सिर्जना गरेको थियो । संविधान २०७२ ले यसलाई अझ मजबुद बनाएको थियो । उहाँको उपस्थिति र सम्बोधनले जनप्रतिनिधि महिलाहरूलाई थप हौसला मिल्यो । यसपछि उनीहरू पाइला पाइलामा भएका समस्या र विभेद केलाउन थाले । सामान्य अर्थमा जनप्रतिनिधि भनेका जनताको तर्फबाट जनताको आवश्यकता, विचार र अधिकारको प्रतिनिधित्व गर्ने व्यक्ति हुन् । देशमा अहिले १४ हजार सात सय १६ जनप्रतिनिधि महिला छन् । त्यसमध्ये स्थानीय तहमा १४ हजार ४ सय २ महिला निर्वाचित भएका छन् । २५ वटा स्थानीय तहमा प्रमुखकै जिम्मेवारी महिलाले सम्हालेका छन् । सात प्रदेशमा १४ प्रत्यक्ष र २ सय जना समानुपातिक प्रणालीबाट गरी दुई सय १४ प्रदेश सभा सदस्य महिला छन् । सङ्घमा नौ जना प्रत्यक्ष र ९१ जना समानुपातिक गरी एक सय जना सांसद महिला छन् । देशभरमा यतिधेरै महिला जनप्रतिनिधि बनेर पनि लैङ्गिकताका आधारमा भेदभाव किन हुन्छ ? आफैं विभेदमा रहेका जनप्रतिनिधिले अरुको विभेद विरुद्ध कसरी काम गर्लान् ? यो मूल सवाल हो ।

स्थानीय तहमा हेरौँ । निर्वाचन ऐन २०७३ ले स्थानीय तहमा एउटै राजनीतिक दलबाट उमेदवार बन्दा प्रमुख वा उपप्रमुखमध्ये एक महिला हुनुपर्ने प्रावधानले धेरै महिला उपप्रमुख र उपाध्यक्ष बन्न पाएका छन् । सामान्यतया उपप्रमुख वा उपाध्यक्षको कार्यकारी भूमिका हुँदैन । तर, स्थानीय तहका उपप्रमुख वा उपाध्यक्ष भने कार्यकारी भूमिकामा छन् । योजना तर्जुमा, बजेट निर्माण, न्यायिक समिति र राजश्व अनुगमन समितिको संयोजक उपप्रमुख वा उपाध्यक्ष हुन्छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भएर आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने, बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने, बजेट तथा कार्यक्रम विषयगत र क्षेत्रगत रूपमा छलफल गरी अन्तिम प्रस्ताव कार्यपालिकामा पेस गर्नेसम्मको अधिकार उपाध्यक्ष वा उपप्रमुखको छ । राजश्वका स्रोत खोज्ने र योजना तथा कार्यक्रमहरूको अनुगमन पनि उनीहरूकै जिम्मामा छ । न्यायिक समिति संयोजकका रूपमा १३ प्रकारका विवाद निरुपण गर्न र ११ प्रकारका विवाद मेलमिलाप गराउने जिम्मा उपप्रमुख वा उपाध्यक्षको हो । तर, स्थानीय तहका धेरै उपाध्यक्ष वा उपप्रमुखले यी अधिकार उपयोग गर्न पाएका छैनन् ।

स्थानीय तहका धेरै उपप्रमुख वा उपाध्यक्ष प्रमुखको इसारामा काम गर्न बाध्य छन् । 'महिला भएकै कारण हाम्रो अधिकारको काम प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले खोस्नुभएको छ ।' भेलामा सहभागी धेरै जनप्रतिनिधि महिलाले एउटै दुखेसो पोखे, 'योजना तर्जुमा, बजेट विनियोजन, राजश्वका स्रोत पहिचान र योजना अनुगमनका काममा नाम उपाध्यक्ष वा उपप्रमुखको भए पनि काम प्रमुखको हुन्छ । हामीले कसरी लिने ?' स्थानीय तहमा हरेक वडामा दुई जना महिला छन् । ती एक दलित महिला र एक खुला महिला हुन् । अन्य दुई पुरुष सदस्य र आफूलाई समान जिम्मेवारी नदिएको भन्दै सुधार्न माग गरे । सिद्धार्थनगर नगरपालिका उपप्रमुख उमा अधिकारीले भन्नुभयो, 'नेता र जनप्रतिनिधि भनेकै पुरुष हुन् । महिला त सहयोगी मात्रै हुन् भन्ने मानसिकता नफेरिदा जनप्रतिनिधि महिला विभेदमा छौं ।' प्रदेशसभा र सङ्घीय संसद्मा ३३ प्रतिशत महिला अनिवार्य छ । यो संख्या प्रत्यक्ष र समानुपातिक जताबाट पनि पुर्याउन सकिन्छ । तर, प्रत्यक्षको साटो समानुपातिक निर्वाचन प्रणालीबाटै महिला आएका छन् । संविधान अनुसार प्रत्यक्ष र समानुपातिक सांसद दुवैको समान अधिकार छ । निर्वाचन आयोगले दुवै सांसदलाई एकैखाले प्रमाणपत्र दिएको छ । तर महिला भएकै कारण समानुपातिक सांसदलाई समान हैसियत नदिएको भुक्तभोगीहरूको गुनासो छ । सांसद महिलाहरूका अनुसार सदनदेखि सरकार, योजना तर्जुमादेखि बजेट विनियोजन र आशनदेखि भाषणसम्म विभेद छ । विभेद विरुद्ध बोलेपनि आवाज सुनिदैन । लुम्बिनी प्रदेश सभा सदस्य हेमा बेल्वासेले दलहरूले महिलालाई नेता बनाए पनि स्वीकार नगरेको दाबी गर्नुभयो । उहाँले प्रश्न गर्नुभयो, 'दलहरूले पठाएका हामी दलीय प्रतिनिधि हौँ । राज्य सञ्चालन प्रक्रियामा गएका जनप्रतिनिधि महिला नै अन्याय र भेदभावमा छौँ । हामी अरुका अन्याय र भेदभाव विरुद्ध कसरी काम गर्न सक्छौँ ?'

उदाहरण लुम्बिनी प्रदेशकै हेरौं । लुम्बिनी प्रदेश सरकारले वार्षिक बजेटमा निर्वाचन क्षेत्र विकासका लागि योजना बाँड्छ । प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्यले निर्वाचन क्षेत्र विकासका लागि दुई करोड ७५ लाख रुपैयाँ बराबरका योजना पाउँछन् । समानुपातिकलाई जम्मा एक करोड रुपैयाँ दिइन्छ । बजेट निर्माणका बेला विषयगत योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य भाग लिन पाउँछन् । समानुपातिकलाई खोजिँदैन । विनियोजन भएको बजेट सच्चाउने वा मिलाउने सुविधा प्रत्यक्षलाई छ, तर समानुपातिकलाई छैन । सदनमा ३३ प्रतिशत भएपनि सरकारमा सहभागी गराउँदा महिलाको संख्या सधैँ एक, दुई जनामा सीमित छ । मन्त्रालय दिँदा पनि महिलालाई कमजोर मन्त्रालय दिइन्छ । गत साउनमा लुम्बिनीमा संसदीय दलको बैठकमै समानुपातिकले मन्त्री दाबी गर्न पाइँदैन भनेर संसदीय दलकै बैठकमा भनेपनि महिला प्रदेश सभा सदस्यहरू रुदै निस्किएका थिए । यस्तो समस्या अन्य प्रदेश र सङ्घमा पनि छ । जुन विभेदपूर्ण हो । जनप्रतिनिधिहरूका अनुसार यो विभेद हटाउन उनीहरू पटक पटक सभामुख, प्रधानमन्त्री, मुख्यमन्त्री र संसदीय दलका नेताहरूलाई भेटेका छन् । तर विभेद हटेको छैन ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीका अनुसार जनप्रतिनिधि महिला भएकै कारण विभेद हुनु संविधानको अवज्ञा हो । प्रत्यक्ष निर्वाचित र समानुपातिक प्रणालीबाट आएका सांसद दुवैले समान हैसियत र अवसर पाउनु पर्छ । महिला भएकै कारण समानुपातिक प्रणालीबाट आएका महिला सांसदमाथि विभेद हुनु दुखद कुरा मात्र होइन संविधान र कानूनी मापदण्डहरूको प्रतिकूल हो । यस विषयमा जनप्रतिनिधिबीच गहन र सकारात्मक छलफल हुनुपर्छ । राजनीतिक दलहरूबीच भएका गठबन्धनका कारण संवैधानिक प्रावधान विपरीत महिला प्रतिनिधित्वको अनुपात घटेको छ । स्थानीय तहमा प्रमुख र सङ्घ, प्रदेशमा प्रत्यक्ष निर्वाचित महिलाको सङ्ख्या बढाउन अभियान चलाउनुपर्छ । स्थानीय तहमा प्रमुख, उपप्रमुखमध्ये एक महिला हुनुपर्ने भएपनि गठबन्धनले महिलाको अवसर खोसेको छ । पूर्व राष्ट्रपति भण्डारीको सुझाव छ, 'संविधानको मर्म विपरीत महिला सहभागिता गुम्न नदिन आगामी निर्वाचनमा राजनीतिक दलहरूले पनि विशेष ध्यान पु–याउनु पर्छ । महिलाका लागि महिला मात्र होइन पुरुष पनि बोल्नुपर्छ ।' लुम्बिनी प्रदेशका जनप्रतिनिधिहरूको भेलाले जनप्रतिनिधि महिलाको समान हैसियत बनाउन र भूमिका बढाउन ४१ बँुदे घोषणापत्र बनाएको छ । ती घोषणापत्रका बुँदा बुँदामा राज्य सञ्चालन प्रक्रियामा जनप्रतिनिधि महिलाले भोगेका समस्या हटाउने र भूमिका बढाउने कुरा उल्लेख छन् । लैङ्गिक समानता र समावेशीकरण संविधानको सुन्दर पक्ष हो । यसका लागि दलहरूले पितृसत्ताको आँखा बन्द गरेर समानताको आँखा खोल्नुपर्छ ।

महिला वा पुरुष भएका कारण कोही विशेष हुँदैन, तर पदको सम्मान गर्नुपर्छ । संविधानमा सुनिश्चित गरिएको समानुपातिक समावेशी सिद्धान्तको पूर्ण रूपमा कार्यान्वयन गर्न राज्यको मूलप्रवाहमा महिला सहभागिताको सुनिश्चित हुनुपर्छ । एउटै निर्वाचन विधि र पद्धतिद्वारा जनताको मतदानबाट निर्वाचित भएका जनप्रतिनिधिहरू बीच लिङ्गकै आधारमा विभेद गर्नु हुँदैन । सङ्घ, प्रदेश होस् वा स्थानीय तहमा जनप्रतिनिधि बन्नु र राज्य सञ्चालन प्रक्रिया भाग लिनु सहज छैन । न त, संसदीय भूमिकामा बसेर सरकारको अनुगमन र निगरानी गर्न नै सजिलो छ । समय र जिम्मेवारी अनुसार आफूले सिक्दै र व्यवहारमा उपयोग गर्दै जानुपर्छ । तर महिला भएकै कारण जनप्रतिनिधि महिलाले अधिकार उपयोग गर्न नपाएका हुन् भने यो गलत छ । सच्याउनुपर्छ । रासस

# सडक आन्दोलन व्यवस्था फेर्न होइन दलहरूप्रतिको वितृष्णा

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयनको सवाल**

सङ्घीय सरकारको काम भनेको विकाससँगै कानून बनाउने पनि हो । विकासका काम सङ्घीय सरकारले गरेर मात्रै हुँदैन । पर्यटनको सवालमा कतिपय क्षेत्रमा चाहेर पनि काम गर्न सकिएको छैन । रारा राष्ट्रिय निकुञ्जमा पर्यटकका निम्ति स्तरीय होटल छैनन् । त्यहाँ सरकारी आरक्षणको जग्गा मात्रै छ । राराताल गएका पर्यटकलाई व्यवस्थित बासको व्यवजस्था गर्न सकिएको छैन । निकुञ्जका विषयमा पर्यटन मन्त्रालले मात्रैभन्दा पनि वन मन्त्रालयको पनि भूमिका हुन्छ । समृद्ध नेपाल निर्माणका लागि सरकारले जलविद्युत्, कृषि र पर्यटनमा लगानी बढाउने गरी काम गरिरहेको छ । सरकार बजेट निर्माणको पूर्वसन्ध्यामा छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको विकासका निम्ति लड्ने एउटा कुरा भयो । तर जनताले सङ्घीय सांसद भनेको विकास गर्न संसद्मा गएका हुन् भनेर बुझिदिनुहुँदैन । हाम्रो मुख्य काम कानून निर्माण नै हो ।

**राज्यमन्त्री हुँदैगर्दा कर्मचारीप्रतिको बुझाइ**

टीकापुर विमानस्थल २८ वर्षपछि भर्खरै सञ्चालनमा आएको छ । सञ्चालनमा ल्याउनका लागि मैले राज्यमन्त्रीको हैसियतमा धेरै अनुभव लिएको छु । म आफैँ राज्यमन्त्रीको जिम्मेवारी छु । राज्यमन्त्रीको हैसियतमा कर्मचारीलाई निर्देशन दिए पनि कार्यान्वयन हुँदैन । एउटा सामान्य कामका लागि पनि कर्मचारीले अनावश्यक घुमाइरहेका हुन्छन । कर्मचारीमा प्रणालीको विकास हुन सकेको छैन । जनताको काम छिटो गर्नेभन्दा पनि अनेक बहानामा आलटाल गर्ने प्रवृत्ति कर्मचारीमा छ । त्यसलाई हटाउन मैले सक्दो प्रयास गरिरहेको छु । जनतालाई छिटोछरितो सेवा दिने कुरा सुशासनसँग जोडिएको विषय हो । अहिलेको सरकारले सुशासनको निम्ति सरकारी सेवालाई द्रूत बनाउँदै लगेको छ । भ्रष्टाचारीलाई कारबाही पनि गर्दै आएको छ ।

व्यवस्था परिवर्तनबारे उठेका सवाल

विसं २०५२ देखि २०६२ सालसम्म विकासको काम खासै हुन सकेन । तर २०६२–६३ सँगै देशको व्यवस्था परिवर्तन भएपछि जनताले शिक्षा, स्वास्थ्य, रोजगारी, भौतिक विकासको आशा गरेका थिए । जुन आशा पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन । देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र आए पनि जनताको अवस्था परिवर्तन नभएका कारण जनतामा दलप्रति एक खालको वितृष्ण पैदा भएको छ । गणतन्त्रपछि बनेका सरकारले जनताको चाहनाअनुसार काम गर्न नसकेको पनि देखिन्छ । त्यो जनताको निरासा र वितृष्ण पछिल्लो समयमा सडकमा पोखिएको छ ।



अरुणकुमार चौधरी

जनताले राजसंस्था ल्याउनका लागि सडकमा आएकोभन्दा पनि गणतन्त्रको अभ्यास गरिरहेका राजनीतिक दलप्रतिको वितृष्णा मात्रै हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रपछि भएका प्रगतिबारे राजनीतिक दलले जनतालाई विस्तृत रुपमा बुझाउन जरुरी छ । जनता सडकमा आउनु भनेको नेता सुध्रिने मौका पनि हो । अब दलहरु सुध्रिन पनि जरुरी छ । सरकारले देशमा रोजगारी सिर्जनाको निम्ति उद्योग तथा कलकारखाना सञ्चालन गर्न नीती बनाएर काम गरिरहेको छ ।

**संविधान कार्यान्वयन र संशोधन**

संविधान अझै पनि पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन । संविधानमा भएका अधिकार मात्रै कार्यान्वयन गरेको खण्डमा देशमा देखिएको वर्तमान अवस्था आउने थिएन । संविधानको पूर्ण कार्यान्वयन भएको खण्डमा जनताहरु निरास भएर राजतन्त्रको नाममा सडकमा आउने अवस्था आउने थिएनजस्तो लाग्छ । त्यसैले साना ठूला सबै दल आपसमा मिलेर संविधान कार्यान्वयनको बाटोमा लाग्नुपर्ने अहिलेको आवश्यकता हो । फेरि संविधानको कार्यान्वयन गर्ने सरकारले मात्रै होइन । कार्यान्वयनमा आमसञ्चार माध्यम, नागरिक समाज, मानवअधिकारकर्मीलगायत सबै जनताको उत्तिकै भूमिका हुन्छ । संविधान संशोधन गर्नुपर्छ भन्ने हाम्रो 'नागरिक उन्मुक्ति पार्टी'को एजेण्डा पनि हो । संविधान संशोधन गरेर सीमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्नुपर्ने छ । त्यसैगरी सङ्घीयताको विषयमा पनि संविधान संशोधन गर्नुपर्छ ।

**थारु समुदायको सम्बोधन गर्नुपर्ने मुद्दा**

थारु समुदायको हकमा संवैधानिक व्यवस्थाको कार्यान्वयन हुनुपर्छ । थारु समुदायको जनसङ्ख्याको आधारमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा समान सहभागिता हुनुपर्ने हाम्रो माग हो । संवैधानिक आयोगमा थारु समुदायको सहभागिताको सुनिश्चितता गर्नुपर्छ । अदालतले निजामतीमा थारु समुदायमा कोटा दिनुपर्ने भनेको छ । तर लोकसेवा आयोगले विज्ञापनको सूचना निकाल्दा थारु समुदायको लागि आरक्षणको व्यवस्था गरेको छैन । अहिले पनि थारु समुदायलाई हेर्ने सङ्कीर्ण सोच छ । हामीले थारु १५ प्रतिशत र रानाथारु तीन प्रतिशतलाई जोडेर १८ प्रतिशतलाई आरक्षणको व्यवस्था गर्नुपर्ने माग गर्दै आएको हो । तर पूरा भएको छैन ।

सङ्घीयता सुदृढीकरणको सुझाव

सङ्घीयतालाई अझै सुदृढ बनाउन स्थानीय र प्रदेशलाई अधिकार दिनुपर्छ । प्रदेश र स्थानीय तहको लागि आवश्यक कानून समयमै बनाउनुपर्छ । हामी सङ्घीयता आएपछि पनि पुरानै सोच विचारमा गुज्रिरहेका छौँ कि जस्तो लाग्छ । अहिले प्रदेश र स्थानीय सरकार 'पेन्डुलम'जस्तो भएको छ । प्रदेश र स्थानीय सरकार दलको कार्यकर्ता व्यवस्थापन गर्ने थलोजस्तै भएको छ । यदी प्रदेश र स्थानीय सरकारलाई पर्याप्त अधिकार दिने हो भने सङ्घीय सरकारले यति धेरै बोझ बोक्नुपर्दैन थियो । यदी सङ्घीयता बलियो बनाउने हो भने तल्लो तहको सरकारलाई बलियो बनाउनै पर्छ ।

**सङ्घीय संसद्, प्रतिनिधिसभाको अनुभव**

मेरो पाँच वर्षअघिको योजना लम्कीचुहा नगरपालिकाको प्रमुख भन्ने योजना थियो । तर त्यो पूरा भएन । मेरो अनुभवमा पछिल्लो चरणको सङ्घीय संसद्, प्रतिनिधिसभामा नयाँ पुस्ताको सङ्ख्या बढेको छ । ठूला दलहरु नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बाट पनि युवा पुस्ता सशक्त रुपमा संसद्मा आउनुभएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीबाट पनि युवाको संसद्मा उत्तिकै सहभागिता छ । युवा पुस्ताले सङ्घीय संसद्प्रति चासो जगाउनुभएको छ । युवा सांसदले सदनमा जनताका सवाललाई प्राथमिकताका साथ उठाउनुभएको छ । त्यसले पनि संसद्प्रति जनताको चासो बढेको देखिन्छ । संसद्मा जनताको सवाल पर्याप्त रुपमा उठेका छन् ।

सरकारले पनि संसद्मा उठेका विषयलाई कार्यान्वयन गर्दै लगेको छ । यद्यपि कानून निर्माणको काम अपेक्षाकृत हुन नसकेको सत्य हो । यसको मतलब कानून नै नबनेको भन्ने होइन, तर तीव्र गतिमा हुन सकेको छैन । जुन रफ्तारमा कानून बन्नुपर्ने हो, त्यो हुन सकेको छैन । अहिले देश सङ्घीयतामा आएको छ । तर हामीले २०१८ साल, २०३२ सालका कानूनअनुसार काम गरिरहेका छौँ । विकासका विषयमा देश सङ्घीयतामा आएपछि अहिले गाउँ÷गाउँमा, टोल÷टोलमा बाटो पुगेको छ । तर शिक्षा क्षेत्रमा प्रगति हुन सकेको छैन । मैले संसद्मा पटकपटक कृषिमा जोड दिँदै आएको हो । जति बेला खेती गर्ने समय आउँछ, त्यतिनै खेर किसानलाई सिँचाइ, मल र बीउ अभाव हुन्छ । यस्तो अवस्थाबाट मुक्त हुनेतर्फ लाग्नु राष्ट्रिय आवश्यकता हो, त्यस निम्ति सदन र सरकारमा भएका सबैबीच सहकार्य हुनुपर्छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# लगानीको वातावरण अनुकूल बनाउन नीतिगत सुधारः मन्त्री

**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले लगानीको वातावरणलाई थप अनुकूल बनाउन सरकारले नीतिगत सुधारलाई निरन्तरता दिएको बताएका छन् ।




नेपाल उद्योग वाणिज्य महासङ्घको ५९औँ साधारणसभाको उद्घाटन समारोहलाई बिहीबारसम्बोधन गर्दै उनले लगानीसम्बन्धी ऐन कानूनलाई समयसापेक्ष बनाउने, एकल विन्दु सेवालाई प्रभावकारी बनाउने र विदेशी लगानी आकर्षित गर्न विशेष पहल गरिएको बताए ।
उनलेले भने, ‘हामी निजी क्षेत्रलाई लगानी गर्न र उद्यमशीलता विकास गर्न प्रोत्साहित गरिरहेका छौँ, सरकारले औद्योगिक पूर्वाधार विकासमा विशेष जोड दिएको छ, औद्योगिक क्षेत्रहरूको स्थापना र स्तरोन्नति, विद्युत् आपूर्तिमा सुधार, सडक र यातायातको विकास तथा सूचना प्रविधिको विस्तारलाई उच्च प्राथमिकता दिइएको छ, यी पूर्वाधारहरूले उद्योग व्यवसायको लागत घटाउन र उत्पादन क्षमता वृद्धि गर्न मद्दत पुर्याउने छन् ।’
मुलुकको आर्थिक विकासका लागि औद्योगिक विकास अपरिहार्य रहेको मन्त्री भण्डारीको भनाइ छ । उनले भने, ‘यद्यपि नेपालको तुलनात्मक लाभ भएका र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाको उत्पादन, उत्पादकत्व तथा निर्यात वृद्धि गर्ने प्रमुख उद्देश्य राखेर हामीले नीतिगत सुधार गर्दै आएका छौँ ।’
विगत लामो समयदेखि महासङ्घले नेपाली उद्योग व्यवसायको प्रवद्र्धन र विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै उनले निजी क्षेत्रको छाता सङ्गठनका रूपमा महासङ्घले व्यवसायीका हकहितको संरक्षण गरेर राष्ट्रिय अर्थतन्त्रको विकासमा पुर्याएको योगदान अतुलनीय रहेको बताए ।
नेपाल उद्योग वाणिज्य महासङ्घ सरकारको महत्त्वपूर्ण साझेदार रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले भने, ‘उद्योग व्यवसायको विकास र आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न सरकार र निजी क्षेत्रबीचको सहकार्य अपरिहार्य छ, हामीले स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न, आयात प्रतिस्थापन गर्न र निर्यात प्रवद्र्धन गर्न विभिन्न नीतिगत तथा कार्यक्रमगत प्रयास थालेका छौँ ।’
द्विपक्षीय व्यापार सहजीकरणमा महासङ्घको भूमिकाको सराहना गर्दै उनले गत जनवरीमा नेपाल–भारत वाणिज्य सचिवस्तरीय बैठक आयोजना गरेको जानकारी गराउँदै उनले महासङ्घ र भारतको सिआइआइको नेतृत्वमा गठन भएको नेपाल–भारत व्यापार मञ्चका सुझाव बैठकका लागि निकै महत्त्वपूर्ण रहेको बताए ।
महासङ्घले व्यापार विस्तार मात्र नभइ पारदर्शिता र जवाफदेहीतामा पनि विशेष ध्यान दिएको उल्लेख गर्दै मन्त्री भण्डारीले भने, ‘यहाँहरूले निरन्तर रुपमा उत्पत्तिको प्रमाणपत्र अनलाइन जारी गर्ने व्यवस्थाका लागि हामीलाई आग्रह गरिरहनुभएको थियो, हामीले यसै सातामात्र परिपत्र गरी पूर्ण रूपमा अनलाइनबाट सञ्चालन गर्न सबै संस्थालाई आग्रह गरिसकेका छौँ ।’
उनले महासङ्घले आफ्ना सदस्यका समस्या र सुझाव सरकारसम्म पुर्याउन तथा नीति निर्माण प्रक्रियामा रचनात्मक योगदान दिन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे । उनले भने, ‘यहाँहरूले अल्प, मध्य र दीर्घकालीन सुधारका लागि नयाँ चरणको सुधारको माग गर्नुभएको थियो, सोहीअनुसार गठित आयोगले सुझाव दिने नै छ, हामी सुधारका लागि तत्पर छौँ ।’ रासस

# सरकार र निजी क्षेत्रको सहकार्यबाट राष्ट्रिय उपलब्धिः प्रधानमन्त्री




**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार र निजी क्षेत्रको सहकार्यबाट राष्ट्रिय उपलब्धि हासिल गर्नुपर्ने बताएका छन ।
नेपाल उद्योग वाणिज्य महासङ्घको ५९औँ वार्षिक साधारणसभाको उद्घाटन सत्रलाई बिहीबारसम्बोधन गर्दै प्रधानमन्त्री ओलीले ‘केही गर्न सक्छौँ र गर्नुपर्छ’ भन्ने सङ्कल्प प्रकट भएकामा खुसी व्यक्त गरे । उनले निजी क्षेत्र विकासका लागि आत्मविश्वासका साथ अघि बढेकाले सरकार त्यसलाई सघाउन तयार रहेको स्पष्ट गरे ।
‘सरकार र निजी क्षेत्रको सहकार्य नमुनाका रूपमा अघि बढिरहेको छ ।
हामी सबै मिलेर हाम्रो देश बनाउनुपर्छ । तीव्र गतिमा विकास गर्नुपर्छ । हामीले स्वदेशी वस्तुको प्रयोगलाई बढाएर लाँदा गर्व महसुस गर्नुपर्छ,’ प्रधानमन्त्री ओलीले भने, ‘निजी क्षेत्रले सरकारलाई प्रेरित गरोस् । यसका लागि कुनै आन्दोलन गरिरहनुपर्ने छैन । यो सरकार स्थिरता, स्थायित्व, सुशासन र विकासका लागि बनेको हो ।’
प्रधानमन्त्री ओलीले जनतालाई सेवा र सुविधा दिन विद्यमान प्रणाली स्थापना भएको र अहिलेको सरकारले यस प्रणालीलाई बलियो बनाउँदै ठुला उत्पादन र उत्पादकत्व बढाउन अग्रसर रहेको जनाए । उनले निजी क्षेत्रले दिएका सुझावका आधारमा सरकारले नीति र कानून बनाउँदै आएको पनि स्पष्ट गरे ।कार्यक्रममा बढी कर तिर्ने क्षेत्रगत कम्पनी र महासङ्घका उत्कृष्ट प्रदेश र जिल्ला समितिलाई सम्मान गरिएको थियो । रासस

# चिडियाखाना बेलुका ८ बजेसम्म खुल्ने

**काठमाडौँ ।**
जावलाखेलस्थित सदर चिडियाखाना नयाँ वर्ष २०८२ सालदेखि बेलुकी ८ बजेसम्म सञ्चालन हुने भएको छ ।
चिडियाखानाद्वारा बिहीबारयहाँ आयोजित कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जनताको मागअनुसार आगामी वैशाख १ गतेदेखि चिडियाखाना बेलुका ८ बजेसम्म सञ्चालन गर्ने निर्णय भएको जानकारी दिए ।
उनले भने, ‘त्यसका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषको बोर्डबाट निर्णय गरी आवश्यक तयारी र प्रक्रिया अघि बढिसकेको छ ।’ चिडियाखाना हाल विहान १० बजेदेखि बेलुका ५ बजेसम्म सञ्चालन हुने गरेको छ ।
चिडियाखानाभित्र रहेको फल्चा र शिशु स्तनपान कक्षको उद्घाटन गर्दै मन्त्री शाहीले चिडियाखाना परिसरलाई प्रकृति र वन्यजन्तुका साथै संस्कृति र परम्परासँग जोड्नु सकारात्मक पक्ष भएको उल्लेख गरे । उनले यो चिडियाखाना साँघुरो भएकाले विस्तारका लागि सूर्यविनायकमा खुला चिडियाखानाको प्रावधानअनुसार आवश्यक काम भइरहेको बताए ।



कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले सदर चिडियाखाना ललितपुरको गहना भएको बताउँदै यसको सम्बद्र्धनमा सबैलाई हातेमालो गर्न आग्रह गरे । साथै उनले आफू प्रमुख भएपछि ललितपुरमा अतिक्रमणमा परेका, मासिएका, पुरिएका, सांस्कृतिक सम्पदाको पुनःरुत्थान र संरक्षणमा केन्द्रित भएको जानकारी गराए ।
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा रामचन्द्र कँडेलले चिडियाखाना थप दुर्लभ वन्यजन्तु स्वदेश तथा विदेशबाट ल्याउने तयारी भइरहेको र त्यसमा विभागले आवश्यक समन्वय गरिरहेको बताए ।
कोषका सदस्य सचिव डा नरेश सुवेदीले प्रकृति र संस्कृतिलाई सँगै जोड्ने उदेश्यले चिडियाखानाभित्र रहेको स्थानीय समुदायको कुल देवताको मन्दिर र फल्चाको निर्माण गरिएको बताए । उनले सेवाग्राहीको चाहनाअनुसार चिडियाखानामा सिंह र जेब्रा ल्याउनका लागि पहल भइरहेको जानकारी गराए ।
कार्यक्रममा सदर चिडियाखानाका प्रमुख सत्यनारायण साह, ललिपुर महानगरपालिका–४ का अध्यक्ष सन्तोष खडका र स्थानीय गुठीका अध्यक्ष राजेन्द्र महर्जनले कुल देवताको मन्दिर र फल्चाको निर्माणले चिडियाखानाको संरक्षण र संबद्र्धनमा स्थानीयको अपनत्व थपिने उल्लेख गरे । रासस

# बार अध्यक्षमा मिश्र विजयी

**काठमाडौँ ।**
नेपाल बार एसोसिएसनको अध्यक्षमा वरिष्ठ अधिवक्ता प्राडा विजयप्रसाद मिश्र निर्वाचित भएका छन । बिहीबार सार्वजनिक मतपरिणामअनुसार उनले दुई हजार ४ सय ३१ मतान्तरले विजयी भएका हुन ।
नेपाल बार एसोसिएसन निर्वाचन २०८१ को प्रमुख निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता रामकृष्ण निरालाका अनुसार प्रा डा मिश्रले पाँच हजार ५२ मत प्राप्त गरहेका छन भने अध्यक्षका प्रत्यासी वरिष्ठ अधिवक्ता रमणकुमार श्रेष्ठले दुई हजार ६ सय २१ मत प्राप्त गरे ।
नयाँ नेतृत्वका लागि बृहत् लोकतान्त्रिक, प्रगतिशील, पेसागत, राष्ट्रवादी एवम् समावेशी कानून व्यवसायी समूहबाट वरिष्ठ अधिवक्ता प्रा डा मिश्रको समूह र व्यावसायिक कानून व्यवसायी समूहबाट वरिष्ठ अधिवक्ता श्रेष्ठको समूहबीच प्रतिस्पर्धा भएको थियो ।
निरालाका अनुसार उपाध्यक्षहरूमा कोशी प्रदेशमा पदमप्रसाद लिम्बू, मधेश प्रदेशमा अजय शङ्कर झा, बागमतीमा तेजबहादुर रावल, गण्डकीमा भूपेन्द्र खनाल, लुम्बिनीमा कृष्णप्रसाद पोखरेल, कर्णालीमा विवशकुमार बस्नेत, सुदुरपश्चिममा सिद्धराज ओझा, खुला महिलातर्फ सरस्वती श्रेष्ठ विजयी भएका छन ।
महासचिवमा वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइरालाले चार हजार ८ सय ७४ मत प्राप्त गरी विजयी हुँदा यज्ञमणि न्यौपानेले दुई हजार ३ सय ६७ मत प्राप्त गरे । कोषाध्यक्षमा जगतबहादुर कार्की निर्वाचित भएका छन ।
सदस्यहरूमा चिरञ्जीवी तिलक्यानी (दलित), सूर्यकुमार यादव (मधेशी मुस्लिम काठमाडौँ उपत्यका बाहिर), रिङ्कुकुमारी यादव (मधेशी मुस्लिम खुला), राजकुमार श्रेष्ठ (आदिवासी जनजाति काठमाडौँ उपत्यका बाहिर), मङ्गलसुन्दर शिल्पकार (आदिवासी जनजाति खुला) इन्दिरा आचार्य (महिला काठमाडौँ उपत्यका बाहिर), किरण पौडेल (काठमाडौँ उपत्यका बाहिर) र रञ्जिता कार्की (महिला खुला) रहेका छन ।
बारको नयाँ कार्यसमितिको खुला सदस्यहरूमा किरण न्यौपाने, शारदा गुरुङ, दमनबहादुर चन्द, बाबुराम अर्याल, डा मुकुन्द अधिकारी र माधव मैनाली विजयी भएका छन । बारको नयाँ कार्यसमिति चयन गर्न नौ हजार ९ सय ९७ मतदाता रहेकामा सात हजार ९ सय ९५ (८० प्रतिशत) मत खसेको थियो । कुल २५ जना रहने कार्यसमितिका लागि ५७ जनाको उम्मेदवारी परेको थियो ।रासस

# जनताले महसुस गर्नेगरी काम गरौँः उपप्रधानमन्त्री




**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंहले प्रचारबाजी मात्र नभई जनताले महसुस गर्नेगरी विकासका काम गर्नुपर्ने बताएका छन् ।
अधिकार सम्पन्न बागमती एकीकृत सभ्यताको ३१औँ वार्षिकोत्सव समारोहलाई बिहीबार सम्बोधन गर्दै उनले प्रचारबाजीका लागि मात्र नभइ जनताले महसुस गर्नेगरी काम गरेर देखाउने समय आएको बताए ।
‘जेजति योजना हामीले अहिले सम्पन्न गरेको छौँ । त्यसको राम्रोसँग आम जनतालाई जानकारी गराउने र बाँकी कामलाई अगाडि बढाउँदा जनतालाई सुसूचित गराउनुपर्छ,’ उनले भने ।
उपप्रधानमन्त्री सिंहले बाग्मती नदी किनारमा रहेका मन्दिरको पुनःनिर्माण र जिर्णोद्वार गरिएको जानकारी दिए । धेरै सम्पदा रहेको बाग्मती नदी किनारमा ‘हेरिटेज वाक’को चर्चा भएपनि काम प्रभावकारी हुन नसकेकोप्रति उनले असन्तुष्टि व्यक्त गरे ।
हेरिटेज वाकदेखि करिडोरलाई व्यवस्थित गर्ने र नदी सफा गर्नेलगायतका काम तत्काल गर्नुपर्नेमा उपप्रधानमन्त्री सिंहले जोड दिए । त्यसैगरी उनले नदीहरुको करिडोर निर्माण प्रभावकारी रूपमा अगाडि बढाउने पनि प्रतिबद्धता जनाए ।
उनले भने, ‘हामीले गर्ने भनेको नदीहरुलाई स्वच्छ बनाउन, दुर्गन्ध हटाउने हो । त्यसका लागि योजना बनाएर अगाडि बढ्ने बाहेक हामीसँग अरु उपाय छैन् ।’ रासस

# समावेशी प्रतिनिधित्वमा ध्यान दिइने गृहमन्त्रीको प्रतिबद्धता

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले निर्वाचन सुधार र समावेशी प्रतिनिधित्वका विषयमा ध्यान दिने प्रतिबद्धता जनाएका छन् ।
नेपाल मतदाता अधिकार मञ्चका अध्यक्ष भक्त विश्वकर्मासहितको समूहले बिहीबारबुझाएको ज्ञापनपत्र बुझ्दै उनले निर्वाचन सुधार र समावेशी प्रतिनिधित्वको विषयमा ध्यान दिने प्रतिबद्धता जनाएका हुन ।
‘निर्वाचन विधेयकमा धेरै कुरा थप गर्नुपर्नेछ, सल्लाह, सुझाव लिने काम भइरहेको छ,‘ गृहमन्त्री लेखकले भने, ‘गृह मन्त्रालयबाट अहिले कानून मन्त्रालयमा गएको छ, त्यसमा छुटेका कुरा अझै थप्न बाँकी छ ।’
निर्वाचन लोकतन्त्रको मेरुदण्ड भएको र जनताले चाहेको प्रतिनिधिलाई जिताउने अधिकार जनताकै हातमा रहेको स्पष्ट पार्दै ज्ञापनपत्रमा प्रस्तुत केही बुँदालाई थप गरी उनले संसदमा लैजाने प्रतिवद्धता व्यक्त गरे । मन्त्री लेखकले सरोकारवालापक्षको सुझावलाई आत्मसात गरेर थप गर्ने बताए ।
निर्वाचन सुधार र समावेशी प्रतिनिधित्व माग गर्दै मञ्चले बुझाएको २१ बुँदे ज्ञापनपत्रमा एकीकृत निर्वाचन विधेयकमा दलित, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक र लैंगिक अल्पसङ्ख्यकलगायत सिमान्तकृत समुदायको मुद्दा समेट्नुपर्ने उल्लेख छ ।
मञ्चका अध्यक्ष विश्वकर्माले गृहमन्त्री लेखकलाई ज्ञापनपत्र बुझाउँदै ‘जसको जति जनघनत्व, उसको त्यति प्रतिनिधित्व’ भन्ने सिद्धान्तको माग गर्दै संविधानले सुनिश्चित गरेको समानुपातिक समावेशी निर्वाचन प्रणालीलाई अवलम्वन गर्न ध्यानाकर्षण गराए ।
उनले विधेयकमा उल्लेखित केही प्रावधानले सामाजिक न्यायको सिद्धान्तमा आँच पु¥याएको र संविधानले परिकल्पना गरेको समतामूलक समाज निर्माणमा चुनौती खडा गरेको महसुस भएको स्पष्ट पारे । मञ्चका सदस्य संस्था र सहयोगी संस्था गरी १५ वटा सङ्घसंस्थाका प्रतिनिधि सहभागी रहेको थियो ।

# ऊर्जामन्त्रीसँग जर्मनीका कार्यवाहक राजदूतको भेट

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कासँग नेपालका लागि जर्मनीका कार्यवाहक राजदूत वेन्जामिन साइडेलले शिष्टाचार भेटवार्ता गरेका छन् ।
ऊर्जा मन्त्रालयमा बिहीबारभएको भेटमा नेपालको ऊर्जा र सिँचाइ क्षेत्रमा थप सहकार्यका विविध विषयमा छलफल भएको थियो । भेटमा जर्मनीले नेपाललाई गर्दै आएको सहयोगलाई कसरी थप प्रभावकारी बनाएर अगाडि बढ्ने भन्नेबारे छलफल भएको ऊर्जामन्त्रीको सचिवालयले जनाएको छ ।
भेटमा ऊर्जामन्त्री खड्काले जर्मन सरकारले नेपालको जलविद्युत क्षेत्र वैकल्पिक तथा नविरणीय ऊर्जामा यसअघि गरेको सहयोगप्रति धन्यवाद व्यक्त गरे । उनले नेपालले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको बताउँदै लक्ष्य प्राप्तिका लागि नेपालको जलविद्युत् आयोजनामा लगानी गर्न जर्मन सरकारलाई आग्रह गरे ।
भेटमा कार्यवाहक राजदूत साइडेलले नेपालको ऊर्जा क्षेत्रको विकासमा जर्मनीको निरन्तर साथ र सहयोग रहँदै आएको बताए । आगामी दिनमा पनि उक्त साथ र सहयोग निरन्तर रहने उनको भनाइ थियो । रासस

# बाङ्गेचौर–उपल्लाचौर खण्ड स्तरोन्नति हुँदै

**बागलुङ ।**
राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको बागलुङ बजार खण्डमा स्तरोन्नति गरी कालोपत्र गर्न थालिएको छ ।
एक दशक अगाडि निर्माण भएको यो खण्ड मापदण्डभन्दा साँघुरो हुँदा फराकिलो बनाई कालोपत्र गर्न गर्न थालिएको हो । हाल करिब पाँच मिटर चौडा रहेको उक्त सडकलाई स्तरोन्नति गरी सात मिटर बनाइएको हो ।
तीन वर्ष अगाडि मध्यपहाडी लोकमार्ग आयोजनाले सडक डिभिजन कार्यालय बागलुङलाई सो सडक हस्तान्तरण गरेको थियो । बागलुङ नगरपालिका–१ बाङ्गेचौरबाट वडा नं ४ को उपल्लाचौरसम्मको दुई किलोमिटर फराकिलो बनाई कालोपत्र गर्न थालिएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी विष्णुप्रसाद लामिछानेले जानकारी दिए । सडक स्तरोन्नतिका लागि छ करोड ७२ लाख ६५ हजार रुपैयाँमा एचसिबिजिसिएस गोर्खा कम्पनीले जिम्मा पाएको उनको भनाइ छ । अहिले निर्माण कम्पनीले कामदार खटाएर धमाधम काम गरिरहेको छामिछानेले बताए । यस सडकखण्डलाई सात मिटर चौडाको 'डबल लेन' बनाइने उनको भनाइ छ । निर्माण कम्पनीले गत फागुनमा सडक स्तरोन्नतिका लागि सम्झौता गरेको र आगामी २०८२ भदौ १५ गतेभित्र कालोपत्र गरिसक्ने लामिछाने बताउँछन् ।
'यो सडकखण्ड धेरै वर्ष अगाडि कालोपत्र भएको हो, भत्किएर साँघुरिएको थियो, केही समय अगाडि मात्र लोकमार्गले सडक डिभिजनलाई हस्तान्तरण गरेको थियो,' सूचना अधिकारी लामिछानेले भने, 'निर्माण कम्पनीले काम सुरु भएको धेरै भएको छैन, छाटो समयमै १० प्रतिशत काम सकेको छ, अबको छ महिनामा काम सक्नुपर्ने छ ।'
सवारी चालक प्रेमनाथ कँडेलले यो सडक साँघुरो हुँदा दुर्घटनाको उच्च जोखिम भएको बताए । पहिला थोरै सवारीसाधन चल्ने उक्त सडकमा अहिले दैनिक जिल्लाको बुर्तिबाङ, गलकोटसहित म्याग्दी, मुस्ताङ, रुकुम, रोल्पा, जाजरकोटलगायत ठाउँ पुग्ने यातायात सञ्चालन हुँदा चाप बढेको कँडेलको भनाइ छ । साँघुरो सडकका कारण दोहोर गाडी ओहोरदोहोर गर्न समस्या भएको उनले बताए । स्तरोन्नतिपछि सहज हुने कँडेल बताउँछन् ।
मध्यपहाडी लोकमार्ग बागलुङमा करिब १ सय ४० किलोमिटर पर्छ । त्यसमध्ये हालसम्म बिहुँ खण्डको करिब १२ किलोमिटरबाहेक अन्य सबै खण्ड कालोपत्र भइसकेको छ । बिहुँ खण्डमा पनि अहिले स्तरोन्नतिको काम भइरहेको छ । रासस

# सुर्तीजन्य पदार्थको शतप्रतिशत घातक चित्र राख्ने व्यवस्थामा पुनरावलोकन

**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सुर्तीजन्य पदार्थको अगाडि र पछाडि शतप्रतिशत घातक चित्र राख्ने निर्णयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले पुनरावलोकन गर्न आग्रह गरेको छ । उद्योग मन्त्रालयको औद्योगिक तथा लगानी प्रवद्र्धन महाशाखाका शाखा अधिकृत दुर्गा लम्सालले स्वास्थ्य मन्त्रालयलाई पत्राचार गर्दै सुर्तीजन्य पदार्थको अगाडि र पछाडि शतप्रतिशत घातक चित्र राख्ने निर्णयमा पुनरावलोकन गर्न आग्रह गरेको जानकारी गराएका हुन् ।
उद्योग विभागले सुर्तीजन्य पदार्थको अगाडि र पछाडि शतप्रतिशत घातक चित्र राख्नेबारे सरोकारलावालाबीच छलफल गरेको थियो । सो छलफलमा सुर्तीजन्य पदार्थको अगाडि र पछाडि शतप्रतिशत घातक चित्र राख्ने नीतिगत तथा कानूनी व्यवस्थामा पुनरावलोकन गर्न आग्रह गरिएको उनले बताए । उनले हाललाई उद्योग व्यवसायलाई प्रभाव पर्ने कुनै नयाँ व्यवस्था नगर्ने गरी सहज औद्योगिक वातावरणका लागि सम्बन्धित पक्षबाट अनुरोध आएकाले शतप्रतिशत चित्र राख्ने कुरामा पुनरावलोकन गर्न आग्रह गरे ।
स्वास्थ्य मन्त्रालयले तयार पारेको 'सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका, २०८१' मा चुरोट र सुर्तीजन्य पदार्थको अगाडि र पछाडिको शतप्रतिशत भागमा घातक रङ्गिन चित्र तथा चेतावनीमूलक सन्देश छाप्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । व्यवस्था आगामी साउनदेखि चुरोट, खैनी, गुट्खा, बिडीलगायत सुर्तीजन्य पदार्थमा अगाडि र पछाडिको शतप्रतिशत भागमा घातक रङ्गिन चित्र अनिवार्य छाप्नुपर्ने हुन्छ ।
स्वास्थ्य मन्त्रालयका कानून शाखाका प्रमुख गोपीकृष्ण रेग्मीले निर्देशिकामा भएको व्यवस्थाबाट आफूहरू पछि नहट्ने जानकारी दिए । 'सुर्तीजन्य पदार्थको अगाडि र पछाडिको शतप्रतिशत भागमा घातक रङ्गिन चित्र राख्नाले सुर्तीजन्य सेवन गर्नेलाई निरुत्साहित गर्न व्यापक छलफलपछि निर्देशिका बनाइएको हो,' उनले भने, 'निर्देशिकामा भएको व्यवस्थालाई उद्योग मन्त्रालयलाई पुनरावलोकन गर्न भनेको छ, हामी निर्देशिकामा भएको व्यवस्थाअनुसार साउनदेखि सुर्तीजन्य पदार्थको शतप्रतिशत घातक रङ्गिन चित्र राख्ने व्यवस्था कार्यान्वयन गराउँछौँ ।'
निर्देशिकामा चुरोट, खैनी, बिडी र गुट्खाको बट्टा, प्याकेट तथा र्यापर्सको मुख्य भागको अगाडि र पछाडिको शतप्रतिशत भागमध्ये ८० प्रतिशत भागमा क्यान्सर, मृत्युजस्ता घातक रङ्गिन चित्र र २० प्रतिशत भागमा चेतावनीमूलक सन्देश राख्नुपर्ने व्यवस्था गरिएको छ । निर्देशिकाअनुसार चुरोटको बट्टा, प्याकेट र र्यापर्सको मुख्य भागको अगाडि तथा पछाडिको शतप्रतिशत भागमध्ये ८० प्रतिशत भागमा घाँटीको क्यान्सर अङ्कित चित्र, कम तौल भएको, अपाङ्ता भएका वा मरेको बच्चा जन्मेको अङ्कित चित्र, मुखको क्यान्सरको अङ्कित चित्र, हृदयघातको अङ्कित चित्र र फोक्सोको क्यान्सर अङ्कित चित्र राख्न भनिएको छ ।
यस्तै चुरोटको बट्टा, प्याकेट र र्यापर्सको मुख्य भागको अगाडि तथा पछाडिको शतप्रतिशत भागमध्ये २० प्रतिशत भागमा सूर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धुमपानले ज्यान लिन्छ, सुर्तीजन्य पदार्थको सेवनले मुख तथा घाँटीका क्यान्सर हुन्छ र चुरोट तथा खैनी सुर्ती सेवन छाडौँ भन्ने राख्नुपर्ने उल्लेख छ ।
यसैगरी खैनी, सुर्ती र गुट्खाजस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्यापर्समा अगाडि तथा पछाडिको ६० प्रतिशत भागमा मुखको क्यान्सर अङ्कित चित्र र अगाडिको बाँकी रहेका ४० प्रतिशत भागमा २०–२० प्रतिशतका दुईवटा चेतावनीमूलक सन्देश राख्नुपर्ने निर्देशिकामा भनिएको छ ।
यस्तै निर्देशिकाअनुसार बिडीको बट्टा, प्याकेट र र्यापर्सको मुख्य भागको अगाडि र पछाडिको शतप्रतिशत भागमध्ये ८० प्रतिशत भागमा घाँटीको क्यान्सर अङ्कित चित्र, कमतौल भएको, अपाङ्गता भएका वा मरेको बच्चा जन्मेको अङ्कित चित्र राख्न भनिएको छ । यस्तै बिडीको बट्टा, प्याकेट र र्यापर्सको २० प्रतिशत भागमा चेतनामूलक सन्देश राख्नुपर्ने हुन्छ ।
यस्तै निर्देशिकामा सुर्तीजन्य पदार्थको पेटी, पार्सल, प्याकेजिङमा छापिने सन्देश पनि पाँचवटा घातक रङ्गिन चित्र ८० प्रतिशतमा र चेतनामूलक सन्देश २० प्रतिशतमा छाप्नुपर्ने उल्लेख गरिएको छ । सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका, २०७१ ले ऐनमा भएको सुर्तीजन्य पदार्थका प्याकेटमा ७५ प्रतिशत चेतावनीमूलक चित्र तथा सन्देशलाई बढाएर ९० प्रतिशत पुर्याएको मन्त्रालयका सूचना अधिकारी डा भक्त केसीले जानकारी दिए ।
नेपालले ७५ बाट ९० प्रतिशत चेतावनीमूलक चित्र तथा सन्देश पुर्याउँदा ब्लुमबर्ग अवार्डसमेत प्राप्त गरेको थियो । उनले सुर्तीजन्य पदार्थमा शतप्रतिशत चेतनामूलक चित्र तथा सन्देश राख्दा सेवनकर्ता चुरोट, सुर्ती, गुट्खा खान डराउने भएकाले बिक्री पनि कम हुने बताए । 'चुरोट, खैनी, गुट्खामा भएको घातक चित्रले सेवनकर्ता डराउने र विस्तारै सेवन गर्न छाड्ने छन्,' उनले भने, 'नयाँ सेवनकर्ता पनि घातक चित्र र चेतनामूलक सन्देशले नखाने विश्वव्यापी मान्यता रहेको छ ।'
निर्देशिकामा घातक चित्रका रङ पनि नराम्रो खालको मान्छले मन नपराउने राख्न भनिएको छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले नेपालमा समेत यस्तो चेतावनीले काम गरिरहेकामा अब संशोधित निर्देशिकाले सुर्ती, चुरोटका प्रयोगकर्ता घट्ने र क्यान्सर तथा अन्य रोगमा कमी हुने बताए । मन्त्रालयका अनुसार नेपालमा हरेक वर्ष २७ हजारभन्दा बढी मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको जनाइएको छ ।
अभिभावकले धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्दा बालबालिका र परिवारका अन्य सदस्यहरुमा श्वासप्रश्वाससम्बन्धी समस्या, मुटुरोग, क्यान्सरलगायत स्वास्थ्य जोखिम बढाउँछ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको सर्वेक्षणमा नेपालमा २८ दशमलव नौ प्रतिशत मानिसले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने पाइएको छ । तीमध्ये ४८ दशमलव तीन प्रतिशत पुरुष र ११ दशमलव छ प्रतिशत महिलाले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने गर्दछन् ।
विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)का अनुसार विश्वमा हरेक वर्ष सुर्तीजन्य पदार्थ सेवनका कारण ८० लाख मानिसको मृत्यु हुने गरेको छ । तीमध्ये ७० लाखभन्दा बढीको मृत्यु प्रत्यक्ष सुर्तीजन्य पदार्थको प्रयोगका कारण हुने गरेको छभने धुमपान नगर्ने तर अन्य व्यक्तिले गरेको धुमपानबाट उत्पन्न धुवाँका कारण करिब १२ लाखभन्दा बढीको मृत्यु हुने गरेको छ । रासस

# अमेरिकाबिरूद्ध विश्व व्यापार संगठनमा चीनको उजुरी



**काठमाडौँ ।**
चीनले अमेरिका विरुद्ध विश्व व्यापार संगठनमा अर्को उजुरी दायर गरेको छ ।अमेरिकी राष्ट्रपति ट्रम्प 'धम्की' को रणनीतिमा संलग्न भएको आरोप लगाउँदै चीनले विश्व व्यापार संगठनमा अर्को उजुरी दायर गरेको हो । 'वाशिंगटनको ५० प्रतिशत ट्यारिफ वृद्धि एक शीर्ष गल्ती हो, अमेरिकी उपायहरूको एकपक्षीय बदमासी प्रकृतिको छ,' चिनियाँ वाणिज्य मन्त्रालयले बुधबार भन्यो । एक प्रवक्ताले भने, 'बेइजिङले विश्व व्यापार संगठनको नियम अनुसार आफ्नो वैध अधिकार र हितहरूको दृढताका साथ रक्षा गर्नेछ र बहुपक्षीय व्यापार प्रणाली र अन्तर्राष्ट्रिय आर्थिक र व्यापार व्यवस्थालाई दृढतापूर्वक समर्थन गर्नेछ ।'
अमेरिकाले चीनमाथि १ सय २५ प्रतिशतसम्म आयात कर लगाउने घोषणा गरे पछि चीनले जवाफमा ८४ प्रतिशत जवाफी कर लगाएको घोषणा गरेको थियो, जसका कारण विश्व अर्थतन्त्रमा यतिखेर भुइचालो आएको छ । एजेन्सी

# पुटिन भारत आउनुअघि मोदी रूस जान सक्ने

**मस्को ।**
रुसी सरकारले प्रधानमन्त्री नरेन्द्र मोदीलाई मे ९ मा मस्कोमा ८०औँ विजय दिवस समारोहमा सहभागी हुन औपचारिक निमन्त्रणा दिएको छ । यो समारोह दोस्रो विश्वयुद्धमा नाजी जर्मनीमाथि सोभियत संघको विजयको प्रतीक हो । सञ्चारमाध्यमका अनुसार रुसका उप विदेशमन्त्री एन्ड्रे रुदेन्कोले नयाँ दिल्लीमा औपचारिक निमन्त्रणा पठाइएको र उच्चस्तरीय भ्रमणको तयारी अहिले भइरहेको पुष्टि गरेका छन् । रुसको सरकारी समाचार एजेन्सी टासलाई उद्धृत गर्दै रुडेन्कोले भनेका छन्, 'यसमा काम जारी छ, यो यसै वर्ष हुनुपर्छ । उनले निमन्त्रणा पाएका छन् ।'



मस्कोको प्रतिष्ठित रेड स्क्वायरमा आयोजना हुने वार्षिक सैन्य परेडमा सहभागी हुन रुसले विभिन्न मित्र राष्ट्रका नेताहरूलाई पनि यस्तै निमन्त्रणा गरेको उप विदेश मन्त्रीले बताए। तर, भारतले भने सो परेडमा सामेल हुन प्रधानमन्त्री मोदी भन्दा रक्षामन्त्री राजनाथ सिंहले मे ९ मा विजय दिवस परेडमा भारतको प्रतिनिधित्व गर्नेछन् । यसको मतलब प्रधानमन्त्री मोदी व्यक्तिगत रूपमा उपस्थित हुने सम्भावना नरहेको जनाइएको छ । तर, कुनै टुंगो भने भइसकेको छैन् ।
गत महिना मस्कोले पुष्टि गरेको थियो कि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यस वर्षको अन्त्यसम्ममा भारत भ्रमण गर्नेछन् ।
रुसले फेब्रुअरी २०२२ मा युक्रेनमा पूर्ण मात्रामा आक्रमण गरे पछि यो उनको पहिलो भारत भ्रमण हुनेछ । पुटिनको भ्रमणको मिति तय नभए पनि दुई नेताबीच द्विपक्षीय भेटघाट र नियमित टेलिफोन वार्ताका माध्यमबाट बारम्बार कूटनीतिक सम्पर्क कायम भने रहेको छ । प्रधानमन्त्री मोदीले अन्तिम पटक जुलाई २०२४ मा रूसको भ्रमण गरेका थिए, नयाँ पाँच वर्षे कार्याकाल शुरू भएपछि उनको यो पहिलो बिदेशको भ्रमण थियो । यसअघि मोदी सन् २०१९ को आर्थिक सम्मेलनमा भाग लिन भ्लादिभोस्तोक गएका थिए । एजेन्सी

# नेपालको लगातार दोस्रो जीत



**काठमाडौँ ।**
नेपालले कुवेत माथी ६ बिकेटको बिजयी हासिल गरेको छ । चार देशीय ट्वान्टी–२० अन्तर्राष्ट्रिय शृंखलामा नेपालले कुवेतलाईसमेत हराएर लगातार दोस्रो जित दर्ता गरेको हो ।हङकङको मिसन रोड क्रिकेट मैदानमा बिहीबार बिहान भएको खेलमा नेपालले कुवेतलाई ६ विकेटले हराउन सफल भएको हो । कुवेतले प्रस्तुत गरेको १ सय ८६ रनको लक्ष्य नेपालले १८.५ ओभरमा चार विकेट गुमाउँदै पूरा गरेको हो । जसका लागि कुशल भुर्तेलले ५० बलमा समान ६ चौका र छक्काको मद्दतले सर्वाधिक ८० रनको योगदान गरेका थिए भने आसिफ शेखले ३८ बलमा ४ छक्का र दुई चौकसहित ५३ र दीपेन्द्रसिंह ऐरीले ३१ रन बनाएर नेपालको जीतलाइ सहज बनाएका हुन् ।
पहिलो विकेटका लागि कुशल र आसिफले १ सय २७ रनको साझेदारी गरेका थिए भने कुवेतका लागि यासिन पटेलले दुई तथा मोहम्मद सफिक र कप्तान मोहम्मद अस्लामले समान एक एक विकेट लिन सफल भए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको कुवेतले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १ सय ८५ रनको योगफल तयार पारेको थियो ।दोस्रो जितसँगै नेपालले दुई खेलबाट चार अंक जोडेको छ । पहिलो खेलमा नेपालले कतारलाई पराजित गरेको थियो ।

# भारतले खोस्यो बंगलादेशलाई दिँदै आएको 'ट्रान्स सिपमेन्ट'

**नयाँ दिल्ली ।**
बंगलादेशका प्रमुख मोहम्मद युनुसको भारतको उत्तर पूर्वी राज्यहरू प्रति गरेको टिप्पणी महँगो साबित भएको छ । बंगलादेशलाई झटका दिँदै भारतले बंगलादेशलाई दिँदै आएको 'ट्रान्ससिपमेन्ट' सुविधा फिर्ता लिने निर्णय गरेको छ । यो निर्णय अप्रिल ८ देखि नै लागू गरिएको भारतले हालै जनाएको छ । भारतीय विदेश मन्त्रालयले स्पष्ट गरेको छ कि यो सुविधाले भारतीय बन्दरगाह र एयरपोर्टहरूमा अत्यधिक भीड, रसद ढिलाइ र ओभर रनको समस्या हल हुनेछ । जसका कारण कारणले गर्दा भारतको आफ्नै निर्यातमा पनि असर परेको थियो । ट्रान्स शिपमेन्ट भनेको तेस्रो देशको बन्दरगाह, एयरपोर्ट वा एक देशबाट अर्कोमा सामान सार्नको लागि यातायात मार्गको अस्थायी स्थल हो। खासमा बंगलादेशले आफ्नो सामान भारतीय बन्दरगाह वा विमानस्थलबाट विश्वका अन्य भागमा पठाउन सक्ने गरी भारतले बंगलादेशलाई यो उचित सुविधा दिएको थियो। र, केही अवस्थामा तिनीहरूले आफ्नो सामान भारतको बन्दरगाहमार्फत लोड र अनलोड गर्न पाउँथे ।
उदाहरणका लागि बंगलादेशबाट सामानहरू कोलकाता बन्दरगाह वा मुम्बई बन्दरगाहबाट युरोप, अमेरिका वा अफ्रिका पठाइने गरिन्थ्यो। साथै, चेन्नई एयरपोर्टबाट केही ट्रान्जिट पनि गरिएको थियो। यसको उद्देश्य बंगलादेशलाई समर्थन गर्नु थियो, जसको केही बन्दरगाह र रसद पूर्वाधारमा सीमितताहरू रहे पछि भारतले यो सुबिधा दिदैँ आएको थियो ।
बंगलादेशबाट हुने ढुवानीका कारण भारतीय बन्दरगाहमा चहलपहल बढे पछि भारतीय निर्यातकर्तालाई समयमै ढुवानीमा समस्या पर्न थालेको अनुभुती भए पछि यो निर्णयमा पुग्नु परेको बिदेश मन्त्रालयले जनाएको छ । बढी ट्राफिकका कारण माल ढुवानीको भाडा बढे पछि भारतको व्यापारमा घाटा भइरहेको र भारतीय व्यापार कम्पनीहरूलाई समयमै निर्यात गर्न कठिन बन्दै गएकाले अन्तर्राष्ट्रिय अर्डरमा असर परेको थियो । भारतले यो प्रतिबन्ध भारतीय बन्दरगाह र विमानस्थलहरूमार्फत तेस्रो देशहरूमा जाने ट्रान्स शिपमेन्टहरूमा मात्र लागू हुने स्पष्ट गरेको छ। तर बंगलादेशबाट नेपाल र भुटान जाने मालसामान भारतको बाटो हुँदै जाँदा बन्देज भने लाग्ने छैन । यो निर्णयसँगै अब बंगलादेशले आफ्नो सामान ढुवानीका लागि चटगाउँ वा मोंगला बन्दरगाहमा निर्भर रहनु पर्ने हुन्छ। यसले रसद लागत र ढुवानी समय बढाउन सक्छ। बंगलादेशका साना तथा मझौला निर्यातकर्ताले विशेष समस्या भोग्नु पर्ने जनाइएको छ ।भारतीय बन्दरगाह र विमानस्थलमा कम चाप हुनेछ। भारतीय निर्यातकर्ताले राहत पाउनेछन् । यो निर्णयले स्थानीय व्यावसायी हितलाई प्राथमिकता दिने नीति पनि संकेत गरेको छ । मोहम्मद युनुसले चीनमा बंगालको खाडी उनीहरूको हो, जसवाट भारत रिसाएको थियो । एजेन्सी

# समाजलाई सङ्गठित गर्न आवश्यकः उपराष्ट्रपति



**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले समाजलाई अझै न्यायपूर्ण, शान्तिपूर्ण र समानताका आधारमा सङ्गठित गर्नु आजको आवश्यकता भएको बताएका छन् । भगवान् महावीरको २६२४औँ जन्मजयन्तीका अवसरमा 'नेपाल जैन परिषद्'ले बिहीबार आयोजना गरेको कार्यक्रममा उनले भने, 'अनेकान्तवादले हामीलाई विभिन्न दृष्टिकोणहरूलाई सम्मान गर्न र सहिष्णुता अङ्गीकार गर्न सिकाउँदछ, जुन आजको समाजमा सामाजिक सद्भावका लागि अत्यन्तै आवश्यक छ ।'

भगवान् महावीर जन्मजयन्तीले सामाजिक एकता, धार्मिक सहिष्णुता र सांस्कृतिक मूल्यहरूलाई थप सवल, सुदृढ्ढ र बलियो बनाउने अवसर प्रदान गर्ने उनको भनाइ छ । भगवान् महावीरका जीवन र उहाँले प्रतिपादन गर्नुभएका सिद्धान्तहरू सिङ्गो मानव जीवनका विविध पक्ष र आयामलाई समृद्ध बनाउने मार्गदर्शनबाट अभिप्रेरित भएको उपराष्ट्रपति यादवले बताए ।

'मानव जीवनका लागि अपरिहार्य 'पञ्चशील' सिद्धान्तका प्रतिपादक भगवान् महावीरको जीवनले हामीलाई अहिंसा, सत्य, करुणा र समानताको सन्देश दिनुका साथै उहाँले देखाउनुभएको सत्मार्ग, कर्ममार्ग र नैतिकमार्गमा हिँड्न हामीलाई अभिप्रेरित गर्दै मानव जीवनमा शान्ति, सद्भाव र मैत्रीभाव प्रसार गर्नमा उत्तिकै सहयोग गर्दै आएको छ,' उनले भने ।

सामाजिक रुपमा, जैन धर्मले सहिष्णुता, अहिंसा र भाइचारा प्रदर्शन गर्दै आएको छ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षासहितको विविधतायुक्त नेपालजस्तो मुलुकमा जैन धर्मका सिद्धान्तहरूले देश र समाजका सबै वर्गहरूबीच सहिष्णुता र सद्भाव कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उनको धारणा छ ।

नेपाल जैन परिषद्का अध्यक्ष विमल जैनले भगवान् महावीरले असत्यलाई सत्यबाट जित्नका लागि दिनुभएको सन्देश आजको सान्दर्भमा पनि उत्तिकै सान्दर्भिक रहेको बताए । कार्यक्रममा परिषद्का पूर्वअध्यक्ष हुकुम दुगडलाई सम्मान गरिएको थियो । त्यसैगरी अर्का पूर्वअध्यक्ष स्वर्गीय ओमप्रकाश नौलखालाई मरणोपरान्त सम्मान गरिएको थियो । रासस

# निजी क्षेत्रको सहभागिता र सक्रियताबाट विकास सम्भव

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले आर्थिक विकास र प्रगतिको आकाङ्क्षा निजी क्षेत्रको सहभागिता र सक्रियताबाट मात्र सम्भव भएको बताएकी छन् । नेपाल उद्योग वाणिज्य महासङ्घको ५९औँ वार्षिक साधारणसभा एवम् उद्योग वाणिज्य दिवस २०८१ लाई बिहीबार सम्बोधन गर्दै उनले स्रोतको अभावको बाबजुद पनि आर्थिक विकासको जनआकाङ्क्षा पूरा गर्न वर्तमान सरकार ठूला पूर्वाधार निर्माण र स्तरोन्नतिमा केन्द्रित भएको बताइन् ।

'आर्थिक विकास र समृद्धिको बाधकका रूपमा देखिएको राजनीतिक अस्थिरतालाई चिर्न वर्तमान सरकार गठन भएको हो,' मन्त्री राणाले भनिन् । उनले सरकार गठनपश्चात निजी क्षेत्रलाई सहजीकरण गर्न विभिन्न नीतिगत तथा कानुनी जटिलता फुकाइएको उल्लेख गरिन् ।

आर्थिक नीतिको सुधार एवम् प्रगतिलाई तीव्र बनाउन वर्तमान सरकार अत्यन्तै संवदेनशील भएर अघि बढिरहेको जानकारी दिँदै परराष्ट्रमन्त्रीले निजी क्षेत्रलाई समृद्धिको यात्रामा प्रोत्साहित गरिरहेको स्पष्ट पारिन् । उनले मुलुक राजनीतिक स्थिरतासँगै आर्थिक विकासको बाटोमा अघि बढिरहेका बेला अस्थिरताको वातावरण कसैले पनि बनाउन नहुनेमा जोड दिइन् ।

पछिल्लो समय वैदेशिक सहायता केही कमी भएकामा निरुत्साहित हुन जरुरी नरहेको औँल्याउँदै उनले आन्तरिक तथा बाह्य लगानीका लागि उपयुक्त वातावरण बनाएर जानसक्नुपर्ने धारणा राखिन् । 'यो सरकार बनेदेखि नै आर्थिक समृद्धिका बाधक ऐन, कानुन परिमार्जन गर्ने प्रक्रिया अघि बढेको छ,' उनले भनिन्, 'असल शासन र निजी क्षेत्रले काम गर्ने वातावरण बनेन भने मुलुकले समृद्धि हासिल गर्न सक्दैन, तसर्थ राजनीतिक दल, कर्मचारी र निजी क्षेत्र मिलेर काम गर्नुपर्छ ।'




महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले आर्थिक समृद्धि र विकासको नेतृत्व निजी क्षेत्रले लिनुपर्ने बताए । उनले सरकारले अघि सारेको समृद्धिको लक्ष्य पूरा गर्न निजी क्षेत्रले निर्वाध रूपमा काम गर्न पाउने विषय पहिलो प्राथमिकता हुनुपर्ने बताए । अर्थतन्त्र, विकास र समृद्धिमा राजनीतिक दलहरूको साझा धारणा बनाउनुपर्नेमा उनको जोड थियो ।

अध्यक्ष ढकालले विगतमा सरकारले चाहिनेभन्दा बढी सतर्कता अपनाउँदा अर्थतन्त्र सङ्कुचन भएको उल्लेख गर्दै उनले त्यतिबेला बजारको माग नियन्त्रण गर्न अपनाइएका ती नीतिगत निर्णयले बजारलाई अझैसम्म चलायमान हुन नदिएको धारणा राखे । 'म निराशा हैन आशा छर्न चाहन्छु । अवस्था सुधारोन्मुख छ । तर हाम्रा युवाहरुको चाहना पूरा गर्न अहिलेको सुधार पर्याप्त छैन । जबसम्म हामी देशभित्रै मर्यादित र उच्च ज्यालासहितको रोजगारीका अवसरहरू सृजना गर्न सक्दैनौँ, निराशालाई आशामा बदल्न सकिँदैन । अहिले व्याप्त निराशा त्यसैको परिणाम हो,' उनले भने ।

समारोहमा प्रधानमन्त्री केपी शर्मा ओलीले विभिन्न क्षेत्रका उद्यमी व्यवसायीलाई सम्मान गरेका थिए । कार्यक्रममा गृहमन्त्री रमेश लेखक, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, उच्चपदस्थ सरकारी कर्मचारी, निजी क्षेत्रका विभिन्न सङ्घ संस्थाका प्रमुखलगायत सहभागी थिए । रासस

# जहाँ देवीलाई चढाइन्छ दाम्लो

**गोरखा ।**
भक्तजनहरू मठमन्दिरमा पूजाआजा गरेर के अर्पण गर्छन् ? सबैको उत्तर हुन्छ, 'फूल, अक्षता, भेटी अनि नैवेद्य ।' कोही भक्तजनहरूले लुगाकपडा, गरगहना र अन्य खाद्यान्न सामग्री पनि चढाउँलान् । तर, गोरखामा एउटा यस्तो मन्दिर छ जहाँ देवीलाई गाईभैँसी बाँध्ने दाम्लो चढाइन्छ ।

गोरखा नगरपालिका–५, पस्लाङस्थित नाम्रुङदेवी थानमा पूजाआजा गरेर 'दाम्लो' चढाउने सयौँ वर्षदेखिको चलन अहिले पनि कायमै छ । 'गाईवस्तु बिरामी भएमा वा ब्याउन गाह्रो भएमा नाम्रुङदेवीको भाकल गर्छौं,' मन्दिरको पुजारीसमेत रहनुभएका स्थानीय जुनबहादुर रानामगर भन्छन् 'अनि आफूलाई अनुकूल समय मिलाएर थानमा पूजा गरेर दाम्लो चढाउने चलन छ । भाकल गरेपछि अहिलेसम्म पूरा पनि भएको छ ।'

मन्दिरमा दाम्लो चढाउन गोरखा र आसपासका जिल्लाबाट समेत भक्तजन आउने गरेको उनले बताए । 'गोरखा, तनहुँ, लमजुङ, चितवनबाट यहाँ पूजा गर्न र दाम्लो चढाउन आउँछन,' उनले भने । किसानले पशुपालन फस्टाउन्, बालीबाली राम्रो होस्, रोगव्याध नफैलियोस्, दूध पर्याप्त देओस् भनेर पूजा गरी दाम्लो चढाउने गरेको उनको भनाइ छ ।

नाम्रुङदेवीथानमा स्थानीय जातको कुखुराको अण्डा गाडेर मौसम परीक्षण गर्ने चलन पनि छ ।

'यहाँ हरेक वर्ष चण्डी पूर्णिमाको दिन दुईवटा लोकल कुखुराको अण्डा गाड्ने चलन छ,' उनले भने, 'अर्को वर्षको चण्डी पूर्णिमामा त्यसलाई निकाल्दा जस्ताको तस्तै रह्यो भने त्यो वर्ष शुभ हुन्छ भन्ने विश्वास गरिन्छ । अण्डा बिग्रियो, कुहियो भने अशुभ हुन्छ भनेर अनुमान गरिन्छ ।' अण्डा बिग्रिएमा हुरीबतास, असिनापात, भेल, बाढी, वर्षा, डढेलो वा महामारीले गाउँलेलाई दुःख दिने जनविश्वास छ ।

यहाँ दाम्लो चढाएर पूजा गर्ने चलन कहिलेबाट शुरु भयो भन्ने एकिन नभए पनि तनहुँसुरमा मुकुन्दसेन द्वितीय राजा र गोरखामा नरभूपाल शाह राजा हुँदादेखि पूजा गर्ने गरेको अभिलेख भेटिने गोरखा सङ्ग्रहालयका पूर्वकर्मचारी, इतिहासका जानकार गणेशप्रसाद भट्टराई बताउछन् । उनका अनुसार नाम्रुङदेवीथानमा असारको पूर्णिमामा विशेष पूजाआजा र मेला लाग्ने चलन छ । दैनिक नियमित पूजा पनि हुने गर्छ । पूजारी भने मगर समुदायबाट चुनिन्छन् । यहाँ कुखुरा, परेवा, बोका पाठा बलि चढाइने भट्टराईले बताए । पहिले सरकारले पूजा खर्च दिने गरेकामा केही वर्षयता खर्च कटौती गरिएको छ । रासस

# आठ वर्षमा एक लाख ३४ हजारको स्वास्थ्य बिमा

**बागलुङ ।**
बितेका आठ वर्षमा बागलुङमा एक लाख ३४ हजार ६ सय ७३ जनाले स्वास्थ्य बिमा गराएका छन् । विसं २०७३ असारमा शुरु भएको स्वास्थ्य बिमामा हालसम्म जिल्लाका ५४.०३९ प्रतिशत नागरिक आबद्ध भएका हुन् । जिल्लाको जनसङ्ख्या २०७८ को जनगणना अनुसार दुई लाख ४९ हजार २ सय ११ रहेको छ । यहाँका १० वटै स्थानीयत तहमा ६४ हजार १ सय ५३ परिवार रहेकामा हालसम्म ४० हजार ९ सय ४५ परिवारले स्वास्थ्य बिमा गरेको स्वास्थ्य बिमा बोर्डका जिल्लास्थित कार्यालय प्रमुख नारायणप्रसाद पौडेलले जानकारी दिए । हालसम्म ६७.६३ प्रतिशत घरपरिवार स्वास्थ्य बिमाको पहुँचमा रहेको उनको भनाइ छ । पौडेलका अनुसार ७१ हजार ८६ महिला र ६३ हजार ५ सय ६७ जना पुरुषले स्वास्थ्य बिमा गरेका छन् ।सबैभन्दा बढी बागलुङ नगरपालिका र सबैभन्दा कम तमानखोलाका नागरिकले स्वास्थ्य बिमा गरेका छन् । जिल्लाका सबै नागरिकलाई स्वास्थ्य बिमाको पहुँचमा ल्याउन स्वास्थ्य बिमाका सामाजिक परिचालकलाई जिल्लाको ८५ वडामा खटाएको प्रमुख पौडेलले बताए ।

उनले भने 'बागलुङमा स्वास्थ्य बिमा 'पाइलट प्रोजेक्ट'का रूपमा शुरु भएको थियो, पहिले नागरिकको चासो कम थियो, अहिले बढ्दै गएको छ ।' निसीखोला गाउँपालिका–५ का प्रेमबहादुर पुनले दुरदराजमा स्वास्थ्य बिमा प्रभावकारी बन्न नसकेको गुनासो गरे । स्वास्थ्य बिमा गरे पनि नजिकमा सुविधा लिने स्वास्थ्य संस्था नहुँदा घण्टौँ लगाएर बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा पुग्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

'ज्वरो आयो भने स्वास्थ्य बिमाको सुविधा लिन बुर्तिबाङ जाँदा आउँदा पाँच–सात हजार खर्च लाग्छ, त्यही भएर गाउँकै स्वास्थ्य चौकीबाट औषधि लिएर खान्छु,' पुनले भने, 'गाउँकै स्वास्थ्य चौकीबाट स्वास्थ्य बिमाको सुविधा दिनुपर्ने हो, हामीहरू त स्वास्थ्य बिमा गर्ने सेवा नलिने मात्रै भइयो, सरकारले गाउँका स्वास्थ्य संस्थाबाट सेवा दिने व्यवस्था गर्नुपर्छ ।' रासस

# गुल्मी कारागारमा सीप सिक्दै कैदीबन्दी

**गुल्मी ।**
जिल्ला कारागारमा रहेका कैदीबन्दी यतिबेला उद्योग कर्ममा रमाउन थालेका छन् । कारागारमा दुई वर्षदेखि काष्ठकला र फर्निचर उद्योग स्थापना गरेर यहाँका कैदीबन्दीले मासिक रूपमा न्यूनतम सात हजार रुपैयाँदेखि ४५ हजार रुपैयाँसम्म कमाउँदै आएका छन् ।

कारागारभित्रको खाली समयलाई सदुपयोग गर्दै सीप सिकेर कैदीबन्दीले घर खर्च चलाउँदै आएका छन् । दिनहुँ बिहानदेखि बेलुका अबेरसम्म कोही फर्निचरमा कोही बाँसका मुढा बुन्ने काममा व्यस्त बनेको देखिन्छ । कारागारमा पहिलोपटक पुग्ने जोकोही पनि यहाँका कैदीबन्दीको काम देखेर आफैँमा दङ्ग पर्ने गर्छन् ।

गुल्मी कारागारलाई औद्योगिक ग्रामका रूपमा विकास गर्न थालिएको अनुभूति हुन्छ । कारागारलाई औद्योगिक ग्रामका रूपमा विकास गर्न थालिएको भए पनि कारागारको जग्गा र संरचना अभावमा समस्या भएको कारागारका प्रमुख रेश्मीराज पन्थीले बताए । आफूले बाहिर पनि काष्ठकलाकै काम गरेर ३० वर्ष बिताएको हुँदा कारागारमा पनि राम्रै कमाइ हुने गरेको एक कैदीले बताए । उनले मासिक ४५ हजार रुपैयाँसम्म कमाउँदै आएको जनाउँदै समय कटाउन र घरखर्च व्यवस्थापन गर्न धेरै सजिलो भएको बताए ।

कारागारमा सबैभन्दा धेरै काष्ठकला र फर्निचरको काम गर्ने कैदीबन्दीको कमाइ धेरै हुने गर्दछ । काष्ठकलाका अतिरिक्त घरेलु हस्तकलाको काम गर्नेहरूको कमाइ पनि राम्रो छ । कारागारमा ३० जनाभन्दा बढिले काठको काम गर्ने र ४१ जना कैदीबन्दीले मुढाको काम गर्दै आएका छन् । कारागारमा बाँसको सिन्का चिर्ने र बुट्टा बनाउनेको न्यूनतम रकम मासिक सात हजार रुपैयाँ हुने गरेको चौकीदार हरिबहादुर थापाले बताए ।

उनका अनुसार कारागारमा सबैभन्दा बढी मूल्य पर्ने अष्टनागको आकृतिसहित सालको काठको चौकोस निर्माण गरिन्छ । त्यसको मूल्य आठ लाख रुपैयाँ पर्दछ । एउटा चौकोस निर्माण गर्न तीन जनाले एक महिनामा काम गर्नुपर्छ । त्यस्तै भक्तपुरे आँखीझ्याल, फोटो फ्रेम, सोफा, दराज, टेबललगायत आवश्यकताअनुसार सबै फर्निचरका सामग्री निर्माण गरिन्छ ।

यहाँका काष्ठकलाका सामग्री व्यक्तिगत साथै सरकारी कार्यालय र मठमन्दिरमा समेत प्रयोग भइरहेका छन् । बजार क्षेत्रमा रहेका अन्य फर्निचर उद्योगमा भन्दा कारागारमा उत्पादन गरिएका सामग्री राम्रो र सस्तो भएका कारण यहाँका स्थानीय सामान किन्न कारागार पुग्ने गर्दछन् ।

गुल्मी कारागारको सबैभन्दा पुरानो उत्पादन बाँसका मुढा हो । कारागारका ४१ जनाले दैनिक मुढा बुन्छन् । बजारमा मुढाको माग धेरै छ । मागअनुसार आपूर्ति गर्न नसकिएको कारागार प्रशासनले जनाएको छ । काष्ठकला, फर्निचर र मुढा जिल्लामै सबैभन्दा बढी खपत हुने गरेको चौकीदार थापाले बताए । त्यसका अतिरिक्त पुरुषहरूले बाहेक महिला कैदीबन्दीले वर्षौंदेखि घरेलु हस्तकलाका सल, टोपी, सुटपाइन्ट, सुइटरलगायत सामग्री बुन्ने गरेका छन् । यहाँ उत्पादित सामग्री पोखरा, पाल्पा, काठमाडौँ, रसुवा, इलाम, सिराहादेखि जापानमा समेत कोसेलीका रुपमा पुग्ने गरेको चौकीदार थापाले बताए । रासस

# उपकुलपति बरालको राजीनामा स्वीकृत



**मधेशदृष्टि**
**काठमाडौँ ।**
त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बरालले दिएको राजीनामा स्विकृत भएको छ ।

प्रधानमन्त्री तथा विश्वबिधालयका कुलपति केपी शर्मा ओलीले उनको राजीनामा स्वीकृत गरेको उनको सचिवालयले जनाएको छ । प्रधानमन्त्री ओलीको दबाब थेग्न नसकेको भन्दै उनले राजीनामा दिएको बताएका थिए ।

कुलपति ओलीले राम्रा काममा साथ दिनुको सट्टा सर्वोच्चको फैसलाविपरीत करार र अस्थायी प्राध्यापक तथा कर्मचारीलाई स्थायी गराउन दबाब दिएपछि बरालले १५ चैतमा राजिनामा दिएको जनाएको थिए ।उनले राजिनामा दिएको २ साता पछि आज स्विकृत भएको हो ।

# शान्ति सैनिकले देशको इज्जत बढाएः राष्ट्रपति



**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल र नेपाली जनताको स्वतन्त्रता, संवैधानिक व्यवस्था तथा शान्तिप्रति हाम्रो सेना र सुरक्षा निकायको प्रतिवद्धता रहेको स्पष्ट पारेका छन् । राष्ट्रपति पौडेलले अन्समिल मिसन लिवियामा जाने श्री नयाँ भैरवीदल गुल्म सातौँ डफ्फाका सकलदर्जाको प्रि–डिप्लोयमेन्ट तालिम समापन समारोहलाई विहिबार काभ्रेको पाँचखालमा संबोधन गर्दै सो धारणा व्यक्त गरेका हुन । राष्ट्रपति पौडेल नेपाली सेनाको परमाधिपति हुन् ।

'आन्तरिक रुपमा पनि नेपाल र नेपाली जनताको स्वतन्त्रता, संवैधानिक व्यवस्था तथा शान्तिप्रति हाम्रो सेना र सुरक्षा निकायको प्रतिवद्धता रहेको छ भन्ने कुरा म ढुक्कले भन्न चाहन्छु,' राष्ट्रपति पौडेलले भने ।

नेपाली सेनाले लामो समयदेखि संयुक्त राष्ट्र संघको आव्हानमा शान्ति स्थापना कार्यमा भाग लिदैँ अन्तर्राष्ट्रिय जगतमा नेपाल र नेपालीको छविलाई उच्च राख्दै आएको पनि उनले जनाए । राष्ट्रपति पौडेलले नेपाली सेना र सुरक्षा निकायलाई विश्वले ठूलो भरोसा गरेको छ भन्ने कुरा शान्ति सेनामा सबैभन्दा ठूलो हाम्रो उपस्थितिले स्पष्ट पारेको बताए ।

नेपाली सेनाको उच्च अनुशासन, वफादारिता, कार्य दक्षता तथा शान्ति कार्यप्रतिको प्रतिबद्धताको कदरस्वरुप संयुक्त राष्ट्र संघले नेपाली सेनालाई विभिन्न मिसनमा सहभागी गराउन थालेको ६७ वर्ष पुरा भएको स्मरण गर्दै उनले हालसम्म नेपाली सेनाका करिव १ लाख ५८ हजार बढी शान्ति सैनिकले ४४ वटा संयुक्त राष्ट्रसंघका मिसनमा आफ्नो कार्य दक्षता प्रर्दशन गरिसक्नु हाम्रा लागि खुसीको विषय भएको बताए ।

हाल विभिन्न ११ मिसनमा करिब ६ हजार बढी शान्ति सैनिक कार्यरत रही नेपाल शान्ति सैनिक योगदान दिने मुलुकहरू मध्ये पहिलो स्थानमा रहेको तथ्यले गौरवान्वित बनाएको उनको भनाइ छ । 'नेपाली सेनाको सैनिक मात्र होईन्, नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने राष्ट्रको शान, शान्ति र मानवताको प्रतिक हुनुहुन्छ तपाईंहरू, राष्ट्र संघको मिसन क्षेत्रमा नेपाली सेनाले करिब छ दशकदेखि कायम गर्दै आएको वीरता र शान्ति स्थापनार्थ देखाएको प्रतिवद्धताको इतिहासलाई तपाईहरूले निरन्तरता दिदैँ अगाडि बढाउनु हुनेछ र हाम्रो बहादुरी, सेवा र त्यागको परम्परालाई विश्वमै पहिचान गराउनु हुनेछ भन्ने कुरामा म विश्वस्त छु,' राष्ट्रपति पौडेलले भने । त्यसैगरी सेनाको परिवार, नेपाली सेना, सम्पूर्ण देशवासी तथा संयुक्त राष्ट्र संघले समेत पूर्ण विश्वास राखेको कुरालाई स्मरण गराउँदै राष्ट्रपति विश्व शान्तिको दायित्वलाई गर्वका साथ पुरा गर्न सफलता मिलोस् भन्ने शुभकामना दिएका छन् ।

राष्ट्रपति पौडेलले हालको बदलिंदो विश्व परिवेश र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय जगतमा वृद्धि भइरहेको सुरक्षा चुनौतीका सम्बन्धमा त्यस क्षेत्रमा खटीजानेहरु जानकार नै भएको उल्लेख गर्दै अन्समिल मिसन लिवियामा समेत सुरक्षा स्थिति चुनौतीपूर्ण हुन सक्ने हुँदा जटिल अवस्थामा परिचालन हुनुपर्ने यथार्थलाई मनन् गरी मानसिक तथा शारीरिक रुपले तयार नै रहेको कुरामा विश्वास व्यक्त गरेका छन् ।

'विगतमा नेपाली सेनाले विभिन्न मिसनहरूमा प्रभावकारी रुपमा कार्य गर्दै विश्व शान्तिमा उत्कृष्ट योगदान दिएको वास्तविकतालाई स्मरण गरी नेपाल, नेपाली जनता र नेपाली सेनाको छविलाई सदैव उच्च राख्दै सबैले पेशेवर र अब्बल तरिकाले कार्य सम्पादन गर्नु हुन शुभकामना दिन चाहन्छु,' राष्ट्रपति पौडेलले भने । राष्ट्रपति पौडेलले मिसनमा सहभागी हुने टोलीले गरेको पूर्व तयारीसम्बन्धी प्रस्तुतीको अवलोकन गरेका थिए । शान्ति मिशनसम्बन्धी विभिन्न तालिमबारे राष्ट्रपति पौडेललाई जानकारी गराइएको थियो ।

# अधिवेशनको विषयमा विवाद कुटपिटमा दुई घाइते




**मधेशदृष्टि**
**राजविराज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको वडा अधिवेशनको विषयलाई लिएर उत्पन्न विवादले उग्ररुप लिएपछि दुई युवा घाइते भएका छन् । घाइते हुनेमा सप्तरी, विष्णुपुर गाउँपालिका वडा नम्बर १ का ३५ वर्षीय केदार प्रसाद यादव र ३२ वर्षीय देवेन्द्र यादव छन् । केदार समाजवादी युवा संघ सप्तरीका अध्यक्ष हुन् भने देवेन्द्र सोही वडाका समाजवादी युवा संघका अध्यक्ष हुन् । टाउको फुटेका दुवैजनाको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचार भइरहको छ ।

बिहीबार बिहान डाकिएको पार्टीको वडा अधिवेशनले तेजनारायण यादवको अध्यक्षतामा ११ सदस्यीय वडा कमिटी निर्विरोध चयन गरेको थियो । यस्तै पालिका प्रतिनिधिमा १४ र जिल्ला अधिवेशन प्रतिनिधिमा ५ जना पनि सर्वसम्मत चयन गरिएको विष्णुपुर गाउँपालिकाका अध्यक्ष समेत रहेका जसपा नेपालका नेता उमेशप्रसाद यादवको भनाई छ । अधिवेशन सकाएर फर्किनेक्रममा बाटोमा भेटिएका केदार र देवेन्द्रले निर्धारित समयभन्दा पहिल्यै नै कमिटी गठन गर्दा आफूहरु छुटेको भन्दै विरोध गरेको गाउँपालिका अध्यक्ष यादवले बताए ।

उनीहरुले सर्वसम्मत ढंगले अधिवेशनबाट चयन गरिएको कमिटी रद्द गरी अर्को अधिवेशन गराउन माग गर्दै निर्वाचन अधिकृत भोला यादवमाथि हातपात गर्न थालेपछि प्रतिकारक्रममा घाइते भएको त्यतिबेला घटनास्थलमै रहेका विष्णुपुर गाउँपालिका अध्यक्ष यादवको भनाइ छ । निर्वाचन अधिकृत भोला यादवले अधिवेशन सकाएर फर्किदै गर्दा बीच बाटोमा भेटेका दुई युवाले आफूमाथि हातपात गर्न थालेपछि उपस्थित पार्टीका कार्यकर्ताले गरेको प्रतिकारक्रममा घाइते भएको दाबी गरे । घाइते युवाहरुले भने आफूहरुलाई गाउँपालिका अध्यक्ष एवम् जसपा नेपालका नेता यादवकै निर्देशनमा कुटपिट भएको आरोप लगाएका छन् ।

'हामीलाई १० बजे वडा अधिवेशनको समय बताइएको थियो,' घाइते मध्येका देवेन्द्रले भने, 'सोही समयमा जाँदै गर्दा पहिल्यै नै वडा अधिवेशन गरी कमिटीसमेत गठन भइसकेको थाहा पाएपछि प्रश्न उठाउँदा हेलमेट र मुक्काबाट अन्धाधुन्द आक्रमण हुन थाल्यो ।' उनले आफूहरुमाथि आक्रमण गर्नेहरु सबै गाउँपालिका अध्यक्ष यादवका नातेदार रहेको दाबी गरे । गाउँपालिका अध्यक्ष यादवले दुई पक्षबीच झडप हुँदा आफूले बचाउन पहल गरेको भन्दै कुटपिटमा आफूले कसैलाई कुनै निर्देशन नदिएको दाबी गरे । यता प्रहरीले घटनाबारे जानकारी आएको भन्दै अनुसन्धान भइरहेको जनाएको छ ।

# तीन पालिकामा तीनमहिने एक्सन प्लान

**मधेशदृष्टि**
**वीरगंज ।**
भूमि समस्या समाधान आयोग पर्साले जिल्लास्तरीय बैठक गरेको छ । भूमि समस्या समाधान आयोग पर्साका अध्यक्ष तवरेज अहमदको अध्यक्षता जिल्ला प्रशासन कार्यालय पर्साको सभाहलमा ३ पालिका ३ महिने एक्सन प्लानसहित बैठक भएको हो ।

आयोगले जिल्लामा रहेका भूमिहीन सुकुम्बासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीको समस्या र समाधानका लागि ३ महिने एक्सन प्लान अभियान सञ्चालनमा ल्याएको छ । बैठकमा अध्यक्ष अहमदले भूमिसम्बन्धी समस्या समाधानका लागि ३ महिने एक्सन प्लान अभियानलाई तीव्र बनाइने बताए । उनले ३ महिनाभित्र भूमिहीनलाई लालपूर्जा दिने लक्ष्यसहित अभियान शुरु गरेको जानकारी दिए । एक्सन प्लान अभियानको पहिलो चरणमा पर्सागढी नगरपालिकाका ४ सय ७१ जना भूमिहीनलाई लालपूर्जा दिइने अध्यक्ष अहमदले बताए ।

उनले पर्सागढी जस्तै अन्य पालिकामा पनि तदारुकताका साथ काम अघि बढाइएको जानकारी दिए । पर्सागढी नगरपालिका, सखुवा प्रसौनी गाउँपालिका र बहुदरमाई नगरपालिकामा वैशाखदेखि असारसम्म आयोगले ३ महिने एक्सन प्लान अभियान अगाडि बढाएको छ । यसैगरी, भूमि आयोगका केन्द्रीय सदस्य तथा मधेश प्रदेश संयोजक आरती भण्डारीले आयोग अन्तिम आयोग हुने बताइन् ।

उनले कानूनी जटिलता समाधान गरी नेपालभरका सुकुम्बासीलाई जग्गा वितरण गरिने बताइन् । बैठकलाई सम्बोधन गर्दै पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि एक्सन प्लान अभियानले लालपूर्जा दिने बताए ।

बैठकमा सदस्य शिव नारायण राम, विज्ञ सदस्य सन्तोस कुमार पासवान, जिल्ला समन्वय समितिको कार्यालय पर्साका प्रतिनिधि सुमित सिंह, भूमि तथा मालपोत कार्यालय पर्सा प्रमुख अशोक भट्टराई, विनय श्रीवास्तव, भूमि समस्या समाधान आयोग समस्य, डिभिजन वन कार्यालय पर्साका प्रतिनिधि सन्दिप पटेल, जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत दीपक कुमार पटेल र पालिका प्रतिनिधि तथा भूमि समस्या समाधानका सदस्यको उपस्थिति थियो । कार्यक्रमको सहजीकरण भूमि समस्या समाधान आयोग पर्साका सदस्य सचिव राकेश कुमार झाले गरेका थिए ।

# ५ हजार परिवार फेरि आन्दोलनमा जाने चेतावनी



**मनोज माझी**
**राजविराज ।**
लालपूर्जा पाउने आशामा झण्डै ६५ वर्षदेखि संघर्षरत बिटौरी र ब्लक जग्गामा बसोबास गर्दै आएका राजविराजका ५ हजार भन्दा बढी पीडित परिवारले फेरि आन्दोलन चर्काउने भएका छन् । यसअघि प्रथम चरणको आन्दोलनक्रममा स्थानीय प्रशासन, सुरक्षा निकाय र सरोकारवाला निकायका प्रमुखको उपस्थितिमा फागुन १८ गते भएको सहमति कार्यान्वयमा ढिलाई भएको भन्दै नगरबासीका तर्फबाट गठित संघर्ष समितिले दोश्रो चरणको आन्दोलन थाल्ने भएको हो ।

बिहीबार राजविराज नगरबासी पीडित संघर्ष समितिका तर्फबाट तीनदिने अल्टिमेटमसहित प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई जानकारीपत्र बुझाइएको छ । संघर्ष समिति एवम् वार्ता समितिका संयोजक इरसाद अन्सारी, सदस्यद्वय दिपेन्द्र चौधरी, शम्भुलाल देव, राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय नेता केशव झा, गजेन्द्र मण्डल, संघर्ष समितिका प्रवक्ता अनिल देव, निर्माण व्यवसायी संघका पूर्व अध्यक्ष राम अशिष साहलगायतको टोली जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारी दाहाललाई जानकारीपत्र बुझाएका हुन् ।

जानकारीपत्रमा फागुन १८ गते प्रमुख जिल्ला अधिकारीकै पहल र उपस्थितिमा नगरबासीको समस्या समाधान गर्ने उद्देश्यका साथ संघर्ष समितिका पदाधिकारी, सरोकारवाला, कार्यालयका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिसमेत राखेर १५ दिनको समय सीमा तोकेर समाधान खोज्ने भनी भएको प्रतिबद्धता र सहमति कार्यान्वयन हुन नसकेको उल्लेख छ । पत्रमा तीन दिनभित्र पूर्वसहमतिअनुसार काम अघि नबढाइए चौथो दिन नगरको मुटुमा रहेको गजेन्द्र चोकमा नगरबासीको भेला तथा पत्रकार सम्मेलनमार्फत दोश्रो चरणको आन्दोलनका सशक्त कार्यक्रम घोषणा गरिने उल्लेख छ । जानकारीपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले नगरबासीको वर्षौंदेखिको पीडा आपूmले आफ्नै कार्याकालमा समाधान गर्न दृढ इच्छा राखेको बताए । लालपूर्जा वितरणमा भइरहेको ढिलाइका कारणबारे आपूm ले सम्बन्धित कार्यालयमा बुझेर हुनसक्ने सबै सहयोग गर्ने प्रतिबद्धता समेत जनाए । उनले पत्र बुझाउन पुगेका टोलीकै सामुन्ने नापी कार्यालयका प्रमुखलाई फोन गरेर यथाशिघ्र कानूनबमोजिम प्रक्रिया पु¥याएर लालपूर्जा वितरण कार्य अघि बढाउन निर्देशन दिए ।

उनले स्थानीय प्रशासन र सरोकारवाला कार्यालयसँगै लालपूर्जाका लागि संघीय सरकारसमक्ष समेत आफूले नगरबासीको पीडा पु¥याइ सक्दो सहयोग गर्ने आश्वासन दिए । २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बाया रहेका ५ हजार २ सय परिवार वर्षौंदेखि लालपूर्जा पाउन सकेका छैनन् । यस्तै, मालपोत कार्यालयबाट विगत ८ वर्षदेखि रोक्का प्रक्रिया तथा राजविराज नगरपालिकाबाट नक्सा पासलगायतका कार्य बन्द भएपछि स्थानीय समस्यामा छन् । विगतमा समस्या परेका बेला सोही बिटौरी र बल्क जग्गा बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिने गरेका उनीहरु अहिले यो सेवा सुविधाबाट वञ्चित छन् । ८ वर्षदेखि श्रेस्ता र कम्प्युटरमा कुनै रेकर्ड न भएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि नगरबासी बैंक तथा वित्तीय संस्थाबाट पाउनु पर्ने सेवा सुविधाबाट वञ्चित छन् । जसकारण यहाँको व्यापार, व्यवसाय चौपट हुनुका साथै शिक्षा, उपचारलगायतका कार्यमा समेत समस्या पर्दा नगरबासी चर्को ब्याज तिरेर मिटरबयाजीको चक्करमा फस्न बाध्य हुने गरेका छन् ।

# लहानमा राजमार्ग केन्द्रित होटल अनुगमन

**सिरहा ।**
इलाका प्रशासन कार्यालय लहानको अगुवाइमा लहानस्थित राजमार्ग केन्द्रित होटलमा अनुगमन शुरु गरिएको छ । अनुगमनक्रममा बुधबार म्याद गुज्रेका पेयपदार्थ तथा सडेगलेका खानेकुरा बिक्रीवितरण गर्ने चारवटा होटललाई ३० हजार रुपैयाँ बराबरको जरिवानासमेत गरिएको छ ।



इलाका प्रशासन कार्यालय लहानका अधिकृत सन्तोष रायको नेतृत्वमा खाद्य तथा गुण नियन्त्रण कार्यालय राजविराज, घरेलु तथा साना उद्योग कार्यालय लहान, आन्तरिक राजस्व कार्यालय लहान, इलाका प्रहरी कार्यालय लहान, उपभोक्ता मञ्च नेपाल सिरहाका प्रतिनिधिसहितको संयुक्त टोलीले होटलहरूको अनुगमन शुरु गरेका हुन् । संयुक्त अनुगमन टोलीले लहान–१ को कान्छा होटलमा म्याद गुज्रेको 'बडविसर' ब्रान्डको ३७ ओटा बियरको बोतल जफत गरी नष्ट गर्नाका साथै होटललाई पाँच हजार रुपैयाँ जरिवाना गरिएको छ ।

यसैगरी, लहान–४ को होटल गोधुल्लीको भान्साका खानेकुरा नछोपी राखिएको, फ्रिजमा पाकेको र नपाकेको मासुसँगसँगै राखिएको तथा सरसफाइमा हेलचेक्र्याइँ गरेको पाइएपछि होटललाई पनि पाँच हजार रुपैयाँ जरिवाना तोकिएको छ ।

यस्तै, लहान आँखा अस्पतालको परिसरमा रहेको किरान स्विट्स एन्ड भोजनालयले अखाद्य सामग्री प्रयोग गरी खानेकुरा बनाएको, खाद्य वस्तु छोप्न पत्रपत्रिका प्रयोग गरिएको तथा भान्साको नजिकमा फोहोर थुपारिएको पाइएपछि १० हजार रुपैयाँ जरिवाना गरिएको छ । होटलको सामुन्नेमा रहेको रिषिका जनरल स्टोर्समा म्याद गुज्रेको ३८ ओटा 'कोल्ड ड्रिङ्क्स' पेयपदार्थ फेला परेपछि १० हजार रुपैयाँ जरिवाना तोकिएको छ । पसलले इजाजतविना अन्तःशुल्कजन्य वस्तुसमेत बिक्रीवितरण गरेको पाइएपछि सामग्री जफत गरी आन्तरिक राजस्व कार्यालय लहानलाई जिम्मा लगाइएको छ ।

अनुगमनक्रममा होटल सम्राट इन र चौधरी होटलले आधारभूत रुपमा होटलको मापदण्ड पालना गरेको पाइएकाले सचेतीकरण मात्र गरिएको इलाका प्रशासन कार्यालय लहानका अधिकृत सन्तोष रायले जानकारी दिए । नयाँ वर्ष २०८२ लाई दृष्टिगत गरी आउँदो वैशाख १ गते लाग्ने फूलबारी मेलामा आउने लाखौँ भक्तजनले यहाँका होटलमा खाना खाने हुँदा ग्राहकको स्वास्थ्यमाथि खेलबाड हुन नदिन अनुगमन शुरु गरिएको बताए । उनले उपभोक्ताको स्वास्थ्यमाथि लापरबाही गर्ने होटलहरूलाई कानूनअनुसार जरिवाना गरिएको भन्दै आगामी दिनमा पनि बजार अनुगमनलाई निरन्तरता दिने बताए ।

# नेपाल–भारतबीच व्यापार सहजीकरणका लागि वार्ता

**काठमाडौँ ।**
नेपाल र भारतबीचको व्यापारलाई थप सहज एवम् सरल बनाउनुका साथै अवैध व्यापार तथा राजस्व चुहावट नियन्त्रणमा केन्द्रित रहेर दुई देशका भन्सार अधिकारीहरूबीच काठमाडौँमा वार्ता शुरु भएको छ ।

वार्तामा दुई देशका भन्सार कार्यालयहरू बीचमा निर्यात व्यापारसँग सम्बन्धित प्रारम्भिक सूचनाहरू अग्रीम रुपमा उपलब्ध गराउने, तेस्रो मुलुकबाट भारतको बाटो हुँदै नेपाल आउने तथा नेपालबाट भारतको बाटो हुँदै तेस्रो मुलुकसम्म निकासी हुने मालवस्तु बोकेका मालबाहक कन्टेनरमा विद्युतीय कार्गो ट्रयाकिङ्ग प्रणाली लागू गर्नेलगायत विषय छन् ।

त्यस्तै, आयात–निर्यात हुने मालवस्तुको गुणस्तर परीक्षणका लागि सीमा नाकामा गुणस्तर तथा क्वारेन्टिन जाँच प्रणालीलाई थप सुदृढ गर्नेलगायतका विषयमा छलफल हुने भन्सार विभागका सूचना अधिकारी नारायण प्रसाद रेग्मीले बताए । छलफलमा नेपालले लागू गरेको राष्ट्रिय एकद्वार प्रणालीमार्फत विद्युतीय रुपमा जारी हुने उत्पत्तिको प्रमाणपत्रलाई भारतले मान्यता दिनुपर्ने, भैरहवा तथा चाँदनी–दोधारामा निर्माणाधिन एकीकृत जाँच विन्दुलाई लक्षित समयसीमा भित्रै सम्पन्न गर्ने, नेपाली उत्पादनको भारत निर्यातका लागि भारतले लागू गरेको गुणस्तर प्रमाणीकरण कार्यलाई सहज बनाउनुपर्ने लगायतका विषयमा पनि वार्ता हुनेछ । शुक्रबारसम्म चल्ने वार्तामा नेपालको वार्तांटोलीको नेतृत्व भन्सार विभागका महानिर्देशक महेश भट्टराईले गरेका छन् भने भारतको तर्फबाट राजस्व इन्टेलिजेन्स निर्देशनालयका महानिर्देशक अभयकुमार श्रीवास्तवले गरेका छन् । नेपालको तर्फबाट वार्ता टोलीमा अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशु तथा वाली क्वारेन्टिन विभागलगायतका निकायका उच्च अधिकारीहरूको सहभागिता छ ।

यसैगरी भारतीय टोलीमा राजस्व इन्टेलिजेन्स निर्देशनालय लखनउ क्षेत्रीय इकाईका सहायक महानिर्देशक, नेपालस्थित भारतिय दूतावासका प्रथम सचिव, कलकत्ता, पटना, लखनउ भन्सार कार्यालयका प्रमुखहरु लगायतका अधिकारीहरुको सहभागिता छ ।


## जनहितका लागि जारी सन्देश
## समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्न सकछन् । हाम्रो आफ्नै लापरवाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

### आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गर्नुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग गर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिंधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुऱ्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निक्र्यौल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । ( यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।




### आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रण सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहयाताले निभाउन प्रयास गर्नुहोस ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्ने दिनुहोस् ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राख्नुहोस् ।

व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलब्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगलागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ।

**वीरगंज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वीरगंज, पर्सा, मधेश प्रदेश**


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन